'के घर के डेरा' हेरेपछि सुरक्षाले औल्याइन् कमजोरी... पृष्ठ ४ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक १५४ • २०७९ साल कार्तिक १२ गते शनिबार (29 October, Saturday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रभु साह सत्ता गठबन्धनको साझा उम्मेदवार

**टुडे समाचारदाता**

रौतहट । मधेश प्रदेशका स्वतन्त्र उम्मेदवार आफ्नो रहेको दाबी गरेका नेता प्रभु साहलाई सत्ता गठबन्धनले साझा उम्मेदवारको रुपमा आधिकारिक घोषणा गरेको छ ।

सत्ता गठबन्धनले रौतहट प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर ३ मा पूर्वमन्त्री प्रभु साहलाई साझा उम्मेदवार बनाउने निर्णय गरेको छ । सत्ता गठबन्धनले आइतबार साझा उम्मेदवारको सूची सार्वजनिक गर्दै एमालेमा विद्रोह गरेर स्वतन्त्र उम्मेदवारी दिएका साहलाई सघाउने औपचारिक जानकारी दिएको हो ।

साह नेकपा विभाजनपछि माओवादी छाडेर एमालेतिर लागेका थिए। अहिले माओवादीकै उम्मेदवारलाई ब्याक गराइ उनलाई समर्थन गरिएको छ। सोही निर्वाचन क्षेत्रको प्रदेश क मा नेकपा एकीकृत समाजवादीका नागेन्द्र राय यादव साझा उम्मेदवार रहेका छन् भने ख मा कांग्रेसका सुनिल कुमार यादव उम्मेदवार रहेका छन् ।

मनोनयनपत्र दर्ता गराउने असोज २३ गते अन्तिम समयमा आएर उनले स्वतन्त्रबाट उम्मेदवारी दर्ता गराएका थिए । प्रभु साह संग नेकपा एमालेको टिकट छदाछदै उनले स्वतन्त्रबाट उम्मेदवारी दिएका थिए। मधेश प्रदेशका अन्य अन्य क्षेत्रहरुमा प्रतिनिधिसभाका लागि स्वतन्त्रबाट उम्मेदवारी दिएकाहरु आफ्नो रहेको दाबी गर्दै उनले स्वतन्त्र उम्मेदवारहरुको मनोबल बढाउने काम पनि गरेका थिए।



त्यो क्षेत्र माओवादी केन्द्रले दाबी गरेका थिए । नेकपा एमालेमा रघुवीर महासेठले मधेश प्रदेशमा टिकट वितरणमा आफ्नो मनोमानी गरेपछि नेता साह असन्तुष्ट बन्दै गएका थिए । माओवादी केन्द्रबाट नेकपा एमालेमा आएपछि रघुवीर महासेठ र प्रभुबीच विवाद बढ्दै जाँदा अन्तिम समयमा आएर उनले नेकपा एमालेको टिकट गोजीमा राखेर स्वतन्त्रबाट उम्मेदवारी दिए । उनले पहिलानै माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड संग छलफल गरेर स्वतन्त्रबाट उम्मेदवारी दिएको जानकारहरु बताउँछन् ।

त्यो क्षेत्रबाट उम्मेदवार रहेकालाई निष्कृय बनाएर साहलाईनै आधिकारीक उम्मेदवार बनाएपछि उनले स्वतन्त्र भएर उम्मेदवारी दिएका अन्य नेताहरुको समेत उनले साथ छाडेका छन् । धनुषा निर्वाचन क्षेत्र नम्बर ३ र ४ मा पनि उनले आफ्नो स्वतन्त्र उम्मेदवार रहेको दाबी गरेका थिए तर, साहले गठबन्धनको साथ लिए पनि ती स्वतन्त्र उम्मेदवार हरुको साथ छाडेपछि ती स्वतन्त्र उम्मेदवारहरु निराश भएका छन् ।

यस्तै रुपन्देही १ मा स्वतन्त्र उम्मेदवारी दिएका घनश्याम भुसाल र २ मा उम्मेदवारबिहीन भएपछि गठबन्धनले जनमुक्ति पार्टीका केशव बहादुर थापालाई समर्थन गर्ने निर्णय गरेको छ।

## गठबन्धनमा विवाद कायमै

**टुडे समाचारदाता**

जनकपुरधाम । मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनका लागि मधेश प्रदेशका क्षेत्रहरुमा विवाद कायमै देखिएको छ । निर्वाचन हुन २२ दिन बाँकी रहेको र उम्मेदवारहरुले आफ्नो प्रचार प्रसारलाई तीव्रता दिएको अवस्थामा गठबन्धनले निर्णय गर्न सकेको छैन् ।

मधेश प्रदेशमा ३२ प्रतिनिधिसभा तथा ६४ प्रदेश सभा रहेको मधेश प्रदेशको धनुषा २ र सर्लाही २ मा प्रतिनिधिसभातर्फ तथा सिरहा ३ को (ख), महोत्तरी २ को (क), सर्लाही १ को (क) र बारा १ को (ख)मा उम्मेदवार सम्वन्धी अन्तिम निर्णय हुन सकेको छैन् ।

कतै छलफल जारी छ भने कतै मित्रवत् प्रतिस्पर्धा गर्ने गठबन्धनले जनाएको छ । प्रतिनिधिसभातर्फ धनुषाको निर्वाचन क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसको तर्फबाट रामकृष्ण यादव र नेकपा एकीकृत समाजवादी पार्टीका नेता रामचन्द्र झा बीच गठबन्धन भित्रै प्रतिस्पर्धा देखिएको छ । यस क्षेत्रमा माओवादी केन्द्र र लोसपा कुन उम्मेदवार तिर जान्छ त्यसको पक्ष बलियो हुने देखिन्छ ।

त्यस्तै सर्लाही निर्वाचन क्षेत्र नम्बर २ मा प्रतिनिधिसभातर्फ गठबन्धनकै दुई उम्मेदवार प्रतिस्पर्धामा छन् । माओवादी केन्द्रको चुनाव चिह्न लिएर निर्वाचनमा आएका महिन्द्र यादव र लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोबीच प्रतिस्पर्धा देखिएको छ । महिन्द्र त्यो क्षेत्रबाट गत निर्वाचनमा तत्कालीन राजपाबाट निर्वाचित भएका थिए भने महतो धनुषा निर्वाचन क्षेत्र नम्बर ३ बाट गत निर्वाचनमा राजपाबाटै बिजयी भएका थिए । महतोले गत निर्वाचनमा नेपाली कांग्रेसका तत्कालीन उप-सभापति विमलेन्द्र निधिलाई पराजित गरेका थिए।

यी दुबै क्षेत्रमा गठबन्धनले ठोस निर्णय

*सर्लाही निर्वाचन क्षेत्र नम्बर १ (क)मा पनि गठबन्धन भित्र विवाद देखिएको छ । तर, गठबन्धनले त्यो क्षेत्रमा मित्रवत् प्रतिस्पर्धा गर्ने जनाएको छ । त्यो क्षेत्रमा माओवादी केन्द्रका रामचन्द्र सिंह कुशवाहा र लोसपाबाट उपेन्द्र महतो चुनावी प्रतिस्पर्धामा छन् । महतो गत निर्वाचनमा विजयी भएका थिए । लोसपा नेता महतो माओवादी नेता सिंह भन्दा बलियो देखिए पनि उनी सांसद हुँदा त्यो क्षेत्रमा जनताको इच्छा बमोजिम काम गर्न नसकेको गुनासो धेरै रहेका कारण उनी भन्दा सिंह बलियो स्थितिमा देखिएका छन् ।*

गर्न सकेको छैन् । गठबन्धनले निर्णय गर्न नसक्दा धनुषा निर्वाचन क्षेत्र नम्बर २ मा एमालेले बाजी मार्न सक्ने सम्भावना बढेको छ भने माओवादी केन्द्र र लोसपाका मतदाताहरुको झुकावले पनि उम्मेदवारको विजयी हुने सम्भावना बढाउने छ । तर गत निर्वाचनमा अरगरियाले यादव र झालाई पराजित गरेका थिए । प्रदेश सभा तर्फ सिरहा ३ (ख) मा विवाद देखिएको छ । ३ को (ख) मा नेपाली कांग्रेसका संजयप्रकाश यादव र नेकपा एकीकृत समाजवादीका प्रमोद यादवले उम्मेदवारी दर्ता गराएपछि गठबन्धनले एक जनालाई निष्कृय बनाउन छलफल जारी राखेको जनाएको छ ।

त्यस्तै महोत्तरी २ (क)मा नेकपा एसवाट मञ्जु यादव र लोसपाका जयलुन राइनले उम्मेदवारी दर्ता गराएको र गठबन्धनले यहाँ पनि उम्मेदवारी जारी राखेको जनाएको छ । जयलुन त्यो क्षेत्रबाट गत निर्वाचनमा विजयी भएका थिए भने मञ्जु नेकपा एमालेबाट समानुपातिक प्रदेश सांसद थिए। नेकपा एमाले विभाजन भएपछि उनी नेकपा एसमा आएकी छन् । गठबन्धन र लोसपा बीच भएको सहमति अनुसार महोत्तरीको २ नम्बर क्षेत्रको प्रतिनिधिसभा र प्रदेशतर्फ (क) लोसपालाई दिने सहमति भए पनि मञ्जुले नेकपा एसबाट उम्मेदवारी दर्ता गराएपछि उनको उम्मेदवारीमाथि छलफल जारी रहेको गठबन्धनले जनाएको छ ।

सर्लाही निर्वाचन क्षेत्र नम्बर १ (क) मा पनि गठबन्धन भित्र विवाद देखिएको छ । तर, गठबन्धनले त्यो क्षेत्रमा मित्रवत् प्रतिस्पर्धा गर्ने जनाएको छ । त्यो क्षेत्रमा माओवादी केन्द्रका रामचन्द्र सिंह कुशवाहा र लोसपाबाट उपेन्द्र महतो चुनावी प्रतिस्पर्धामा छन् । महतो गत निर्वाचनमा विजयी भएका थिए । लोसपा नेता महतो माओवादी नेता सिंह भन्दा बलियो देखिए पनि उनी सांसद हुँदा त्यो क्षेत्रमा जनताको इच्छा बमोजिम काम गर्न नसकेको गुनासो धेरै रहेका कारण उनी भन्दा सिंह बलियो स्थितिमा देखिएका छन् ।

त्यस्तै बारा १ (ख) मा पनि गठबन्धनले ठोस निर्णय गर्न सकेको छैन् । बारा १ बाट प्रतिनिधिसभाकालागि नेपाली कांग्रेसका उमाकान्त चौधरीलाई गठबन्धनले उम्मेदवार बनाएको छ भने प्रदेश सभातर्फ (ख)मा नेपाली कांग्रेसका नागेन्द्रप्रसाद कानु र नेकपा एसका बहुत यादव आ-आफ्नो अडान कायम राखेका छन् । गठबन्धनले यहाँ पनि मित्रवत् प्रतिस्पर्धा हुने जनाएको छ ।

गठबन्धनले ठोस निर्णय गर्न नसकेपछि त्यसको प्रभाव भने आगामी निर्वाचनमा पर्न सक्ने देखिन्छ। नेकपा एमाले-जसपा गठबन्धन यस क्षेत्रहरुमा पाँच दलीय गठबन्धनका उम्मेदवारहरुलाई उछिन्न सक्ने देखिएको छ।








**छठ किनमेल** : छठका लागि शुक्रबार पूजा सामग्री किन्दै महिलाहरु। *तस्विरः रासस*

# महोत्तरीको क्षेत्र नं ३ मा कडा प्रतिस्पर्धा

**टुडे समाचारदाता**

जलेश्वर । निर्वाचन क्षेत्र नं ३ मा मंसिर ४ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा कडा प्रतिस्पर्धा हुने भएको छ। लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर पुनः महोत्तरी-३ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवारी दिएपछि सो क्षेत्रमा निर्वाचनको माहोल ह्वात्तै बढेको छ ।

उनी यसअघि विसं २०७४ को निर्वाचनमा पनि सोही क्षेत्रबाट चुनाव जितेका थिए। नेपाली कांग्रेस पार्टीमा लामो समय आवद्ध भएको हुँदा पछिल्लो समय विशेष गरी मधेश केन्द्रित राजनीतिमा लागेका थिए । तत्कालीन समयमा उनले कांग्रेस परित्याग गर्दै आफ्नै नेतृत्वमा तराई-मधेश लोकतान्त्रिक पार्टी गठन गरेका थिए भने साविकको मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवसँगै दोस्रो मधेश आन्दोलनको नेतृत्व गरेका थिए। आठ बुँदे सम्झौतापछि विसं २०६४ को पहिलो संविधानसभा चुनावमा भने उनी सर्लाहीबाट पराजित भएका थिए।

त्यस्तै, २०७० को दोस्रो संविधानसभा चुनावमा पनि सर्लाही-४ बाट उनी पराजित भए। विसं २०७४ को निर्वाचनमा उनी महोत्तरी-३ बाट निर्वाचनमा होमिएका थिए भने २०७४ को प्रतिनिधिसभा निर्वाचनमा उनले १८ हजार एक सय ६९ मतको फराकिलो अन्तरले निर्वाचित भए। २६ हजार आठ सय ४५ मत ल्याएर उनी निर्वाचित हुँदा निकटतम् प्रतिद्वन्द्वी नेकपा (एमाले)का विजयकुमार चौधरीले आठ हजार छ सय ७६ मत तथा स्वतन्त्र उम्मेदवार चन्देश्वर झाले चार हजार २० मत मात्र ल्याएका थिए। उनलाई यसपटक जनता समाजवादी पार्टीका तर्फबाट पूर्व कृषिमन्त्री हरिनारायण यादव र एमालेबाट बागी बनेर स्वतन्त्र उम्मेदवारी दिएका रामआधार कापरले निर्वाचनमा चुनौती थपेका छन्।

क्षेत्र नं ३ बाटै लोसपा नेपालका अध्यक्ष ठाकुरका सहयात्री तथा तत्कालीन तमलोपा पार्टीका वरिष्ठ उपाध्यक्षसमेत रहेका वृषेशचन्द्र लालले पनि उम्मेदवारी दिएका छन्। महोत्तरी क्षेत्र न ३ मा ९९ हजार ९३० मतदाता छन्।

स्थानीय तहको परिणामले पनि लोसपाभन्दा जसपा नै बलियो अवस्थामा रहेको देखिन्छ। यस क्षेत्रमा मा पाँच वटा स्थानीय तह छन्। जलेश्वर, मनराशिसवा र मटिहानी नगरपालिका, एकडारा र पिपरा गाउँपालिकाका केही वडालाई समेटेर क्षेत्र विभाजन गरिएको छ । विसं २०७९ वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा ती पाँच पालिकामध्ये मटिहानीमा मात्र लोसपाले जित हात पारेको छ।

# छठ व्रतालुलाई साडी वितरण

**रञ्जन यादव**

कलैया । बाराको जीतपुर सिमरा उपमहानगरपालिकाको जीतपुरमा छठ व्रतालु महिलाहरुलाई साडीसहित छठ सामग्री वितरण गरिएको छ। विगत दुई बर्षदेखि आरभ ट्रेडिंग जीतपुरकी सञ्चालक मालती देवीले आर्थिक अवस्थाले कमजोर विपन्न वर्गका ६ जना महिलाहरुलाई सामग्री वितरण गरिएको छ।

आफनो नातिनी(छोराको छोरी) विरामी भइरहदा ,उनको स्वास्थ्य लाभको कामनासहित छठ सामग्री वितरण गरिएको संचालिका देवीले जानकारी दिइन।



# सवारी दुर्घटनामा तीनको मृत्यु

इनरुवा। सुनसरीमा गए राति छुट्टाछुट्टै स्थानमा सवारी दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ।

इटहरी-१७ पकलीस्थित पूर्व पश्चिम राजमार्गमा पूर्वबाट पश्चिम जाँदै गरेको प्रदेश १-०२-०४३ प ९०८७ नंको मोटरसाइकलले सोही दिशातर्फ जाँदै गरेको ठेलालाई ठक्कर दिँदा ठेला चालक इटहरी-१७ का ४५ वर्षीय तेजनारायण साहको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

मोटरसाइकल चालक मोरङ बेलबारी-८ का ४५ वर्षीय बिक्रम खड्का घाइते भएको र उहाँको न्युरो अस्पताल विराटनगरमा उपचार भइरहेको प्रहरीले जनाएको छ। ठक्कर दिने दुवै सवारी साधन प्रहरीको नियन्त्रणमा छ।

त्यसैगरी इनरुवा-५ दुहबी इनरुवा सडक खण्डमा नम्बर नखुलेको मोटरसाइकलले साइकललाई ठक्कर दिँदा साइकल यात्री बराहाक्षेत्र-८ का २७ वर्षीय जीवन राउत गम्भीर घाइते भएकामा उहाँको उपचारका क्रममा जिल्ला अस्पताल इनरुवामा मृत्यु भएको प्रहरीले जनाएको छ। ठक्कर दिने मोटरसाइकलको खोजी भइरहेको प्रहरीले जनाएको छ।

त्यसैगरी भोक्राहा नरसिंह गाउँपालिका-५ जनताचोकस्थित पूर्वपश्चिम राजमार्गमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ग ३ च ५५७६ नम्बरको कारले सोही दिशातर्फ जाँदै गरेको साइकलयात्रीलाई ठक्कर दिँदा साइकल यात्री भारत सुपौल बनौली पञ्चायतका ३५ वर्षीय गुलाब मेहता गम्भीर घाइते भइ उपचारका क्रममा मेहताको जिल्ला अस्पताल इनरुवामा मृत्यु भएको सुनसरीका प्रहरी नायब उपरीक्षक राजकुमार राईले जानकारी दिनुभयो।

ठक्कर दिने कार र चालक रुपन्देही सैनामैना-४ का ५४ वर्षीय कृष्णबहादुर रेग्मी जिल्ला प्रहरी कार्यालय सुनसरीको नियन्त्रणमा रहेको प्रहरी नायब उपरीक्षक राईले बताउनुभयो। तीव्र गतिका कारण दुर्घटना भएको प्रहरीले जनाएको छ।रासस

# भलिबलमा दुई टीम विजयी

**टुडे समाचारदाता**

गौशाला । गौशालाको कान्तिबजारमा लागूऔषध दुर्व्यसन विरुद्ध हाम्रो प्रहार नाराका साथ मुन्नी मिश्रि स्मृति भलिबल प्रतियोगिता सुरु भएको छ। पहिलो दिनको पहिलो खेलमा कालीपुर, दोश्रा खेलमा आयोजक सामुदायिक विकास युवा क्लब र तेश्रो खेलमा शिवनगर विजय भएको हो।

उद्घाटन खेलमा पररिया टीमलाई पराजित गर्दै कालीपुर विजयी भएको हो। तीन सेट खेलमध्ये पहिलो सेट पररियाले जितेपनि दोश्रो र तेश्रो सेट लगातार कालीपुर जित्न सफल भएका थिए। कालीपुरसंगको खेलमा राम्रो प्रदर्शन गरेका पररियाका बेस्ट स्ट्राइकर रवि पटेल चुनिए। उनलाई ५ सय ५५ रुपैया नगद र मेडल प्रदेश सभाका उम्मेदवार प्रमोद महतोले प्रदान गरेका थिए।

आयोजक सामुदायिक विकास युवा क्लब र भरतपुर भलिवल टीमबीच भएको खेल रोमाञ्चक बनेको थियो। आक्रमक खेल प्रदर्शन गर्दै आयोजक सामुदायिक विकास युवा क्लबले भरतपुरलाई सोझो २-० सेटले पराजित गरे। वेष्ट डिफेन्डर भरतपुरका विवेक महतो चुनिए। उनलाई नगद ५ सय ५५ रुपैया र मेडल प्रदान गरिएको थियो। भरतपुरसंगको खेलमा आक्रमक स्ट्राइकर अभिषेक चौधरी १ हजार ५ रुपैया नगद पुरस्कार पाए। रमेश आयल स्टोर कान्तिबजारका ललित कुमार सिंहले पुरस्कार प्रदान गरे।

शुक्रबार भएको तेश्रो खेलमा कान्तिबजारलाई पराजित गर्दै शिवनगर विजयी भए। कान्तिबजारलाई २-० को सोझो सेटले पराजित गर्दै शिवनगर विजयी भए। कान्तिबजार र शिवनगर बीचको खेलमा कान्तिबजारका स्ट्राइकर नबिन साह वेस्ट खेलाडी चुनिए। उनलाई ५ सय ५५ रुपैया नगद र मेडल प्रदान गरिएको छ।

मधेश प्रदेशका गृह तथा सञ्चार मन्त्री भरतप्रसाद साहले रेफ्रिलाई भलिबल हस्तान्तरण गरी मुन्नी मिश्रि स्मृति भलिबल प्रतियोगिताको उद्घाटन गरेका थिए।



# दहचोकमा जुवातास खेलिरहेका १८ पक्राउ

काठमाण्डु। प्रहरीले नागार्जुन नगरपालिका-७ स्विट्जरल्याण्ड पार्क नजिकै दहचोक सिटी भ्यू रिसोर्ट प्रालिभित्र जुवातास खेलिरहेका १८ जनालाई पक्राउ गरेको छ।

प्रहरीले सोही नगरपालिका-८ बस्ने ३१ वर्षीय सुरेन्द्र विष्टसमेत १८ जनालाई बिहीबार राति पक्राउ गरेको जनाएको छ। प्रहरी प्रभाग बलम्बुबाट खटिएको प्रहरीले उनीहरूलाई नगद रु तीन लाख ८२ हजार पाँच सय ९५ रूपैयाँ, १५ बुक तास र १६ थान कौडासहित पक्राउ गरेको हो।रासस

# मधेश प्रदेश क्रिकेट टीम घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री कपको लागि मधेश प्रदेश टीम घोषणा भएको छ। कार्तिक १३ गतेदेखि काठमाण्डुमा हुने क्रिकेट प्रतियोगिताको लागि शुक्रबार मधेश प्रदेश स्तरीय क्रिकेट टीम घोषणा भएको छ। हरिशंकर साहको नेतृत्वमा १८ सदस्यीय टीम घोषणा भएको प्रशिक्षक सुनिल साहले जानकारी दिए। उनका अनुसार टीम क्याप्टनमा साह, विकेट किपर अनिल साह, ब्याट्स म्यान विवेक यादव, संतोष कार्की, रतन रौनक, डब्लु मल्लिक, इमरान शेख, रोहन विक, विशाल पटेल, रुपेश सिंह, राजेश यादव, आदिल आलम, विशाल शुशलिङ र प्रदीप पासवान टीममा छनोट भएका छन्।

यस्तै, वैकल्पिक खेलाडीको लागि पनि चार जनालाई छनोट गरिएको छ। वैकल्पिकमा राजेश कामत, अविषेक तिवारी, अजय यादव र सम्साद अनसारी रहेको छ। टीम प्रशिक्षकमा सुनिल साह, टीम व्यवस्थापकमा अनवर अलि र मेन्टोर महबुब आलम रहेका छन्।

# मंगलबारदेखि मिथिलामा भलिबल हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी मंगलबारदेखि मिथिला विहारी नगरपालिकामा भलिबल प्रतियोगिता हुने भएको छ। महावीर झण्डा मेलाको अवसरमा वडाध्यक्ष कप भलिबल प्रतियोगिता हुन लागेको छ।

वडा नम्बर ७ तारापट्टी बजारको मैदानमा खेल हुने आयोजक संस्थाले जनाएको छ। टीम दर्ता सोमबारसम्म मात्र हुने छन्।

प्रतियोगितामा प्रथम पुरस्कार रु एक लाख, द्वितीय पुरस्कार ५० हजार र तृतीय पुरस्कार २५ हजारसहित कप वडाध्यक्ष संजय कुमार शर्माले जानकारी दिए।

उनका अनुसार सर्वोत्कृष्ट खेलाडीलाई उचित पुरस्कारको व्यवस्था गरिएको छ। खेलाडीलाई यातायात खर्चको पनि व्यवस्था गरिएको छ।

प्रतियोगितामा टीम व्यवस्थापनको जिम्मेवारी राष्ट्रिय भलिबल प्रशिक्षक भरत प्रसाद यादव र भलिबल संघका महासचिव श्रीप्रसाद यादवलाई दिइएको छ। खेलको विकास र उजागर गर्ने उद्देश्यले प्रतियोगिता हुन लागेको बताइएको छ।

# हिमपातदेखि वर्षाको सम्भावना

काठमाण्डु । आगामी साता देशको केही स्थानमा हल्का हिमपात र वर्षा हुने भएको छ।

जल तथा मौसम विज्ञान विभागले विषेश साप्ताहिक मौसम पूर्वानुमान बुलेटिन निकालेर हिमाली भूभागमा हल्का हिमपात तथा पहाडी भूभागमा छिटपुटदेखि हल्का वर्षाको सम्भावना रहेको जनाएको छ। प्रदेश नं १, मधेस प्रदेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका भू-भागमा साताको अन्त्यमा आंशिकदेखि सामान्य बदलीको सम्भावना छ। विभागका अनुसार अधिकांश भू-भागमा अधिकतम र न्यूनतम तापक्रम हल्का घट्ने सम्भावना छ।

महाशाखाको पछिल्लो विवरणानुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम १३ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम २५ दशमलव शून्य डिग्री सेल्सियस छ।

शुक्रबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम शून्य दशमलव छ डिग्री सेल्सियस र सबैभन्दा बढी जनकपुरधामको अधिकतम तापक्रम ३१ दशमलव पाँच डिग्री सेल्सियस छ।रासस

# लाखौँ नगदसहित १८ जुवाडे पक्राउ

काठमाण्डु। काठमाण्डुको नागार्जुन नगरपालिका-७ स्विजरल्याण्ड पार्क नजिकै दहचोक सिटी भ्यु रिसोर्टभित्र जुवातास खेलिरहेको अवस्थामा १८ जनालाई पक्राउ गरिएको छ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा सोही नगरपालिका-८ बस्ने ३१ वर्षीय सुरेन्द्र विष्टसहित १८ जना रहेका छन्। उक्त रिसोर्टमा जुवातास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी प्रभाग बलम्बुबाट खटिएको प्रहरीले उनीहरूलाई नगद रु तीन लाख ८२ हजारसहित १५ बुक तास र १६ थान कौडासहित उनीहरूलाई नियन्त्रणमा लिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : अवसर प्राप्त। |
| बृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : धन बृद्धि सञ्चय। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : शिक्षामा उन्नति। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**सूर्यास्तमा देखिएको कोशी पुल** : कोशी नदिको ब्यारेजमा साँझपख सूर्य अस्ताउँदै गर्दा देखिएको मनोरम दृश्य । *तस्विर : रासस*

# जल र सूर्यको पूजाआराधना गरिने पर्व : छठ



काठमाण्डु । नदी र सूर्यदेवको श्रद्धा भक्तिपूर्वक आराधना र पूजा गरी मनाइने छठ पर्व सुरु भएको छ । कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म छठ पर्व मनाइन्छ । आज सूर्योदयकालमा तृतीया तिथि भए पनि मध्याह्न १२:२८ बजेदेखि चतुर्थी तिथि लाग्ने भएकाले आजैदेखि छठ पर्वको विधि सुरु गरिएको हो । कार्तिक शुक्ल चतुर्थीका दिन आज बर्तालु स्नान गरी चोखो खाएर बस्छन् । व्रतको पहिलो दिन घर एवं छठ पूजा स्थललाई सफाइ गर्ने परम्परा पनि छ ।

सूर्यदेवको आराधना, उपासना र पूजा गरेर मनाइने यो पर्व पूरा नहोउन्जेलसम्म बर्तालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरो, आदि उपभोग गर्दैनन् । आज चतुर्थीका दिनलाई अरबाइन वा अरबा भनिन्छ । मनोकाङ्क्षा पूरा हुने विश्वासमा महिलाले छठमा कठोर व्रत गर्छन् । विशेषगरी तराईमा मनाइने मिथिला संस्कृतिमा आधारित यो पर्व विसं २०४६ पछि काठमाडौँलगायत पहाडमा पनि मनाउन थालिएको हो ।

विसं २०४६ देखि नै सरकारले यस पर्वका दिन सार्वजनिक बिदा दिँदै आएको छ । विसं २०६३ पछि भने काठमाण्डुको थापाथली, गुह्येश्वरी, गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्वका साथ यो पर्व मनाउन थालियो ।

यसअघिदेखि नै वाग्मती र विष्णुमती नदी किनारमा छठ मनाउने गरिन्थ्यो । रानीपोखरीमा भूकम्पपछि पुनःनिर्माणका क्रममा पानी नभएकाले केही वर्ष छठ मनाउन रोकिएको थियो । विसं २०७७ असोजमा रानीपोखरी पुनःनिर्माण सकिएपछि पनि त्यहाँ छठ मनाउन थालिएको छैन । यस वर्ष रानीपोखरीमा छठ मनाउन माग भएकाले दिने विषयमा छलफल भइरहेको काठमाण्डु महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिनुभयो ।

व्रतको दोस्रो दिन कार्तिक शुक्ल पञ्चमीमा निर्जल उपवास बस्ने गरिन्छ । यस दिन बेलुकी घरमा खीर बनाएर चन्द्रमालाई अर्पण गरी एक छाक खाने गरिन्छ । यसलाई खरना भन्ने गरिएको काठमाडौँमा छठ मनाउँदै आउनुभएका रमेश झाले बताउनुभयो । "षष्ठीका दिन बर्तालुले ठेकुवा, फलफूल, मिठाई र रोटी सूर्य एवम् छठी मातालाई चढाउने गर्छन्, रोटीमा सूर्यको रथका पाङ्ग्रा अङ्कित गरिन्छ", उहाँले भन्नुभयो ।

षष्ठीका दिन पकवान, फलफूल र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ । साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा पुग्ने र डुब्न लागेका सूर्यलाई अर्घ्य दिई प्रणाम गरिन्छ । अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीँ रात बिताउने गरिन्छ ।

सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान ४ बजेदेखि नै प्रतीक्षा गरिन्छ । उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिएर बिसर्जन गरिन्छ ।

यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ । बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ्य दिई सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ । सूर्यको दर्शन गर्दा भक्तहरु लुगासहित कम्मरसम्मको पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि रहेको गुह्येश्वरीस्थित छठ पूजा समितिका अध्यक्ष अनिल सिंहले बताउनुभयो ।

"पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवम् सूर्यबाट भएकाले नदीलाई माता र सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रुपमा मानी विशेष पूजा गर्ने गरिएको हो", उहाँले भन्नुभयो । कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकाङ्क्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतमले जानकारी दिनुभयो ।

सूर्यको उपासना गर्ने र शुद्धताको प्रतीक भएकाले तराईबाट सुरु भई हाल पहाड र हिमाली क्षेत्रसम्म पनि छठ मनाउन थालिएको छ । सूर्यको पूजा र दर्शन गरी विवाहिता महिला पुरुषले पतिपत्नीको दीर्घायु एवम् अविवाहित केटाकेटीले सुयोग्य वरवधु प्राप्तिको कामना गर्छन् । सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको सङ्ख्या पनि धेरै छ ।

यो पर्वमा मुस्लिम, बौद्ध र जैन धर्मावलम्बीको समेत सहभागिता रहने गरेको विसं २०६८ देखि कमलपोखरीमा छठ पूजाको नेतृत्व गर्दै आउनुभएका राजेन्द्र सिंहले बताउनुभयो ।

सर्वप्रथम छठीमाताले सूर्यदेवलाई खुसी पारेकीले यो पर्व मनाउन थालिएको धार्मिक विश्वास छ । महाभारतकालमा द्रोपदीसहित पाण्डवहरू अज्ञातवासमा रहँदा गुप्तवास सफल होस् भनी सूर्यदेवको आराधना गरेका थिए । पाण्डवहरू विराट राजाका दरबारमा बसेका बेला गरेको सूर्य पूजाका प्रभावले अज्ञातवास सफल भएको विश्वासमा यो पर्व मनाउन सुरु गरिएको एकाथरीको मत छ ।

सूर्य पुराणमा उल्लेख भएअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकीले उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्परा सुरुआत भएको अर्काथरीको भनाइ छ । रासस

# लैङ्गिक हिंसा र विभेदविरूद्ध शून्य सहनशीलता



काठमाण्डु । निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनको सिलसिलामा कार्यस्थलमा हुने सबै प्रकारका दुर्व्यवहार र विभेदजन्य क्रियाकलापविरूद्ध शून्य सहनशीलता अपनाउने नीति लिएको छ ।

लैङ्गिक समानतामूलक तथा समावेशी निर्वाचनका माध्यमबाट लोकतन्त्रको सुदृढीकरणमा योगदान पुर्‍याउने लक्ष्यसहित आयोगले 'निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७' जारी गरेको छ ।

निर्वाचनको अवधिमा हुने लैङ्गिकतामा आधारित हिंसा न्यूनीकरणका लागि सबै वर्ग, क्षेत्र, जातजाति, समुदाय र आर्थिक, सामाजिक हैसियतका कारण पछाडि परेका महिलाको संरक्षण, विकास, सशक्तीकरण, अवसर र पहुँचको निमित्त आयोग क्रियाशील रहने सो नीतिमा उल्लेख छ ।

नेपालको संविधानले अङ्गीकार गरेको शासन व्यवस्थामा समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात् गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य प्राप्तिमा सहयोग पुर्‍याउन सो नीति ल्याइएको देखिन्छ ।

सो नीतिमा लैङ्गिक तथा अपाङ्गतामैत्री एवं समावेशी कार्यस्थल, कार्यशैली र कार्य प्राथमिकताको वातावरणलाई ध्यान दिने, लैङ्गिकता तथा समावेशीकरणलाई प्रवर्द्धन गर्न महिला, ज्येष्ठ नागरिक, दलित, अपाङ्ता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, अन्य सिमान्तकृत समुदायको कार्यस्थलमा समान पहुँचको सुनिश्चितता प्रदान गर्ने व्यवस्था गरिएको छ ।

उक्त व्यवस्थाबमोजिम मतदाता शिक्षा कार्यक्रम र निर्वाचन व्यवस्थापनका हरेक काममा महिला, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, अन्य सिमान्तकृत समुदायका संवेदनशीलतालाई ध्यान दिएर आयोगले गतिविधि गर्दै आएको सहायक प्रवक्ता भट्टराईले जनाउनुभयो ।

उहाँले मतदाता शिक्षाका कार्यक्रम तर्जुमा गर्दा पनि ती समुदायसँग पूर्वपरामर्श गरेर उहाँहरु अनुकूल हुने र भाषिक सहजता हुनेगरी गर्ने गरिएको बताउनुभयो ।

यस्तै निर्वाचनका सबै चरण र प्रक्रियामा कर्मचारी नियुक्ति, तालिम, स्वयंसेवक तथा पर्यवेक्षक छनोट र परिचालन आदिमा लैङ्गिक समानता तथा समावेशीकरणलाई प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

निर्वाचन व्यवस्थापनका सबै प्रक्रिया र चरणमा आयोग र अन्तर्गत कार्यालय तथा अन्य सरोकारवालाबाट यौनजन्य दुर्व्यवहार, लैङ्गिकतामा आधारित भेदभावपूर्ण व्यवहार तथा सामाजिक विभेदपूर्ण उत्पीडन र व्यवहार हुन नदिन आयोग प्रतिबद्ध रहेको नीतिमा भनिएको छ ।

आयोगले निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनका सन्दर्भमा कर्मचारी तथा अन्य सरोकारवालामा हुन सक्ने विभिन्न किसिमका आचरण, व्यवहार तथा कुनै पनि भेदभावविरूद्ध गुनासो तथा उजुरी सुनुवाइसम्बन्धी उपयुक्त व्यवस्था गरेको सहायक प्रवक्ता कमल भट्टराईले बताउनुभयो । मुलुकको सङ्घीय शासन व्यवस्थाको ढाँचा, मौलिक हकअधिकार, निर्वाचनसम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था, निर्वाचनसम्बन्धी विश्वव्यापी मान्यता, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि एवं नेपालले जनाएका अन्य दस्तावेजप्रतिको प्रतिबद्धता तथा दिगो विकासको लक्ष्यसँग लैङ्गिक तथा समावेशी नीतिलाई आबद्ध गरिएको छ ।

निर्वाचन चक्रका सबै चरणमा लैङ्गिक तथा समावेशी सवाललाई योजनाबद्धरूपमा मूल प्रवाहीकरण गरी नीतिगत एवं कार्यगत परिपूरकता र सामाञ्जस्यता कायम गरी निर्णायक तहमा महिला तथा अन्य समावेशी समूहको नेतृत्व स्थापित गर्न उक्त नीति एक मार्गदर्शन हुन सक्ने आयोगको बुझाइ छ ।

सो नीतिबमोजिम आयोगले राजनीतिक दल एवं निर्वाचनका सरोकारवालाबाट हुने निर्वाचनसम्बन्धी क्रियाकलापमा लैङ्गिक समानता तथा समावेशीकरणको आन्तरिकीकरणमा सहजीकरण एवं मार्गनिर्देश गर्न नीतिले विभिन्न नीति र कार्यनीति तर्जुमा गरेको छ ।

नीतिको कार्यान्वयनका लागि निर्देशक समिति र कार्यान्वयन समिति पनि गठनको प्रबन्ध गरिएको छ ।रासस

# चितवनमा डेङ्गु सङ्क्रमित दुई हजार नाघे



भरतपुर । चितवनमा डेङ्गु सङ्क्रमितको सङ्ख्या दुई हजार नाघेको छ । जिल्ला स्वास्थ्य कार्यालय चितवनका अनुसार चालु आर्थिक वर्षमा हालसम्म दुई हजार एक सय ६४ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भइसकेको छ ।

सो अवधिमा आठ हजार आठ सय ५३ जनामा डेङ्गु परीक्षण गर्दा दुई हजार एक सय ६४ जनाको रिपोर्ट पोजेटिभ आएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी राम केसीका अनुसार उनीहरूमध्ये एक हजार चार सय ५१ चितवनका छन् ।


जसमा आठ सय २२ पुरुष र छ सय २९ महिला छन् । चार सय ५४ सङ्क्रमित अन्य जिल्लाका हुन् भने दुई सय ५९ जनाको ठेगाना नखुलेको कार्यालयले जनाएको छ । चितवनमा यो अवधिमा डेङ्गु सङ्क्रमणबाट तीन जनाको ज्यान गएको छ ।

चितवनका सात पालिकामध्ये सबैभन्दा धेरै डेङ्गु सङ्क्रमित भरतपुर महानगरपालिकाका रहेका छन् । भरतपुरमा हालसम्म पाँच सय ५९ पुरुष र चार सय १९ महिला गरी नौ सय ७८ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भइसकेको छ ।

यस्तै खैरहनी नगरपालिकामा एक सय २४, माडीमा २८, रत्ननगरमा एक सय ९७, राप्तीमा ७९ र कालिकामा ३७ जनामा डेङ्गु देखिएको केसीले बताउनुभयो ।

इच्छाकामना गाउँपालिकामा हालसम्म आठ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ । अझै केही समय डेङ्गु सङ्क्रमण हुनसक्ने भन्दै कार्यालयले सचेत बन्न सबैलाई आह्वान गरेको छ ।रासस

# मोरङ-३ मा रोचक बन्दै चुनावी प्रतिस्पर्धा




बेलबारी । मङ्सिर ४ का लागि निर्धारित आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मिति नजिकिएसँगै आआफ्नो निर्वाचन क्षेत्र र जिल्लामा राजनैतिक दल तथा तीनका उम्मेदवार चुनावी एजेण्डासहित पुगिसकेका छन् ।

मतदातालाई भेट्ने, उनीहरुका समस्या र गुनासा सुन्ने तथा आफ्ना कुरा भन्ने काममा उम्मेदवार आफ्ना एजेण्डा लिएर सक्रिय भइरहेका छन् । दसैं, तिहारजस्ता मूख्य पर्व सकिएसँगै चुनावी कार्यक्रम र माहोल ह्वात्तै बढेको छ ।

प्रदेश नम्वर एकअन्तर्गत मोरङ जिल्लामा छ वटा निर्वाचन क्षेत्र रहेका छन् । यहाँका अन्य निर्वाचन क्षेत्र जस्तै क्षेत्र नम्बर ३ को चुनावी प्रतिस्पर्धा र गतिविधिलाई निकै उत्सकुतापूर्वक हेरिएको छ ।

गणतन्त्र घोषणपश्चात् विसं २०६४ मा भएको पहिलो संविधानसभाको निर्वाचनमा यस क्षेत्रबाट नेकपा (माओवादी केन्द्र) बाट सावित्रीकुमार काफ्ले विजयी बन्नुभएको थियो । दोस्रो संविभानसभाको निर्वाचन, २०७० मा नेपाली कांग्रेसबाट दिलिप गच्छदार विजयी बन्न सफल हुनुभयो ।

गत २०७४ सालको आमनिर्वाचनमा नेकपा (एमाले)बाट भानुभक्त ढकाल विजयी बन्नुभएको थियो । गत निर्वाचनमा एमालेका भानुभक्त ढकाल र नेपाली कांग्रेसका सुनिल शर्माबीच मुख्य प्रतिस्पर्धा रहेको थियो भने यसपटक पनि ढकाल र शर्माबीच नै मुख्य प्रतिस्पर्धा हुने विश्लेषण गरिएको छ । गत निर्वाचनमा खसेको ९१ हजार छ सय ६ मतमध्ये ढकालले ४२ हजार चार सय १३ मत ल्याई विजयी बन्नुभएको थियो । उहाँका निकटतम प्रतिद्वन्द्वी सुनिल शर्माले ४० हजार पाँच सय छ मत ल्याउनुभएको थियो ।

सोही क्षेत्रको प्रदेशसभा अन्तर्गत-१ मा कांग्रेसका सूर्यमा राज राई विजयी हुनुभएको थियो । उहाँले २० हजार दुई सय ९९ मत ल्याएर विजयी हुनुभएको थियो । उहाँका प्रतिद्वन्द्वी माओवादी केन्द्रकी गीता तिम्सीनाले १९ हजार तीन सय ९९ मत ल्याउनुभएको थियो । त्यस्तै सोही क्षेत्रको प्रदेशसभाअन्तर्गत खमा एमालेबाट राजकुमार ओझा विजयी बन्नुभएको थियो । ओझाले २२ हजार आठ सय २० मत ल्याउदा उहाँका प्रतिद्वन्द्वी कांग्रेसका ललित श्रेष्ठले २० हजार दुई सय ८७ मत ल्याउनुभएको थियो ।

मोरङको क्षेत्र नम्बर ३ मा सङ्घ र प्रदेशमा गरी ३३ जना उम्मेदवार चुनावी मैदानमा हुनुहुन्छ । तीमध्ये १९ जना स्वन्तन्त्र उम्मेदवार रहनुभएको छ ।

नेमकिपाका ओमनारायण राजवतार, लोकतान्त्रिक समाजवादी पार्टीका भवन राई, हाम्रो नेपाली पार्टीका खगेन्द्रप्रसाद न्यौपाने, नेकपा (माले)का उद्धिमबहादुर खड्का, मङ्गोल नेशनल अर्गनाइजेसनका विकेन्द्र राई, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट चन्द्रिकादेवी लिम्बू, नेसनलिस्ट पिपल्स पार्टीबाट नारायण शर्मा, समाजवादी पार्टी नेपालबाट कमल लिम्बू र राष्ट्रिय स्वतन्त्र पार्टीबाट विकास उप्रेती पनि चुनावी मैदानमा हुनुहुन्छ ।

त्यसैगरी स्वतन्त्रमा दिनेश चापागाईं, जयराज संयोग, कृष्ण राई, पङ्कजकुमार भगत, गणेशबहादुर पोखरेल, इन्दिरा थापा, कमल राजवंशी, प्रकाश भट्टराई, शिवकुमार पौडेल, अरविन शाह, इन्द्रप्रसाद सुवेदी, चन्द्रकला खत्री, सुवास धिमाल, हिमप्रसाद मिश्र, बाबुराम सुवेदी, रेवतकुमार बस्नेत, सुरेश भण्डारी, धर्मप्रसाद न्यौपाने र जीवनाथ निरौला उम्मेदवार बन्नुभएको छ । आगामी निर्वाचनमा प्रदेश १ तर्फ कांग्रेसका शेखरचन्द्र थापा एमालेका दिलिपकुमार राई, राप्रपाका तिर्थबहादुर गुरुङलगायत सात जनाको उम्मेदवारी रहेको छ भने दुईतर्फ एमालेका ज्ञानेन्द्र सुवेदी, नेकपा(एकिकृत समाजवादी) बाट लक्ष्मीकुमार श्रेष्ठ र राप्रपाबाट रमेश रिजाललगायत १३ जनाको उम्मेदवारी रहेको जिल्ला निर्वाचन कार्यलयले जनाएको छ ।

सुन्दरहरैंचा नगरपालिका, बेलबारी नगरपालिका, कानेपोखरी गाँउपालिका र पथरी शनिस्चरे नगरपालिकाका चौविस वडा मिलेर बनेको यस निर्वाचन क्षेत्रमा एक लाख ३९ हजार आठ सय ३३ मतदाता सङ्ख्या रहेको जिल्ला निर्वाचन कार्यलयले जनाएको छ ।

प्रदेश-१ मा ७५ हजार तीन सय ९३ कुल मतदाता सङ्ख्या रहेकोमा ३८ हजार छ सय १२ महिला मतदाता छन् । त्यस्तै प्रदेशसभाको २ तर्फ ७४ हजार दुई सय ४० कुल मतदाता सङ्ख्या रहेकोमा ३८ हजार छ सय २७ महिला मतदाता रहेको निर्वाचन अधिकृतको कार्यालय निर्वाचन क्षेत्र नं ३ का निर्वाचन अधिकृत रामहरि शर्मा काफ्लेले बताउनुभयो ।

क्षेत्रभर ४८ मतदान केन्द्र रहनेछन् जसमध्ये सबैभन्दा बढी बेलबारीमा २८, पथरीशनिस्चरेमा १, सुन्दरहरैँचामा १२ र कानेपोखरीमा आठ स्थानमा रहने जिल्ला निर्वाचन कार्यलयले जनाएको छ ।

वैशाख ३० गते भएको स्थानीय निर्वाचनमा वडाध्यक्षले ल्याएको मत सङ्ख्या हेर्दा सत्ता गठबन्धनको मत बढी देखिएको छ । एकल मतमा भने एमाले थोरै अगाडि छ । सो निर्वाचनमा एमालेको ३७ हजार ४१० र जनता समाजावादी पार्टीको ४६३ मत आएको थियो ।

जसपा एमाले गठबन्धनमा ३७ हजार ८७३ मत देखिएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को दुई हजार १२१ मत छ । अर्कातर्फ कांग्रेसको ३६ हजार ९१६, माओवादीको सात हजार तीन सय ७३, एकीकृत समाजवादीको एक हजार ८५५ मत रहेको छ । सत्ता गठबन्धनको कूल मत ४६ हजार १४१ मत रहेको छ ।

कांग्रेसका उम्मेदवार सुनिल शर्मा 'स्वास्थ्य, शिक्षा, यातायात र रोजगारीलाई आफ्नो मुख्य एजेन्डा बनाएको बताउनुहुन्छ ।

अघिल्लो चुनावमा थोरै मतले मात्रै हारें, यसपटक गठबन्धनसमेतको साथ रहेकाले दोब्बर मतले जित्छु', शर्मा बताउनुहुन्छ । एमालेका उम्मेदवार भानुभक्त ढकालले अघिल्लो पटक जितेर मन्त्री बन्दा महत्वपूर्ण कानुन बनाउनै धेरै समय लागेको र अधुरा काम पूरा गर्ने योजना रहेको बताउँदै यस पटक पनि सहजै आफ्नो जित रहने बताउनुभयो ।

यहाँ राप्रपाबाट नायिका रेखा थापाको उम्मेदवारी रहेको छ । अघिल्ला चुनावमा जितेका सांसदले काम नगरेपछि आफू जन्मभूमि फर्किएर उम्मेदवारी दिएको उहाँको भनाइ छ ।

उहाँ पनि घरदैलो र जनतासँग भेटघाट एवम घरदैलोमा व्यस्त हुनुहुन्छ । आँउदो निर्वाचनमा पहिलो पटक भोट हाल्ने तयारीमा रहनुभएका बेलबारी ११ का साभार श्रेष्ठ असल, भ्रष्टचार विरोधी अनि आम जनभावना बुझ्ने उम्मेदवारलाई भोट हाल्ने बताउनुहुन्छ । यस निर्वाचन क्षेत्रमा सुकुम्बासी समस्या मुख्य रहेकोले यसको दिर्घकालीन समाधान गरीदिन उम्मेदवारसँग माग रहेको पथरीशनिस्चरेकी माया राई बताउनुहुन्छ ।रासस

## 'के घर के डेरा' हेरेपछि सुरक्षाले औंल्याइन् कमजोरी, भन्छिन्, 'सम्पादन अझै टाइट हुनुपर्थ्यो'

कमर्शियल र आर्ट दुवै खालका फिल्ममा सशक्त उपस्थिति जनाएकी भर्सटायल अभिनेत्री सुरक्षा पन्त अभिनीत नयाँ फिल्म 'के घर के डेरा' दीपावलीको अवसर पारेर शुक्रवारबाट प्रदर्शनरत छ । काठमाडौंमा घर हुने र डेरामा बस्नेहरुको समस्यामाथि आधारित भएर निर्माण भएको यो फिल्ममा सुरक्षाले डेरामा बसेर काठमाडौंमा घर किन्ने सपना बोकेको पात्रको रुपमा अभिनय गरेकी छन् । डबिङमा आफ्नो भागको सिन हेरेकी सुरक्षाले शुक्रवार अभिनेत्री वर्षा राउतको साथमा दर्शकसँगै बसेर पूरा फिल्म हेरिन् । फिल्म हेरिसकेपछि सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा उनले आफू दर्शक भएर हेर्दा फिल्म अत्यन्त रमाइलो बनेको प्रतिक्रिया दिइन् । दर्शकहरु पनि फिल्म हेर्दा रमाएको देख्दा खुसी लागेको उनी बताउँछिन् । उनले फिल्मको कमजोरी पक्ष पनि औंल्याएकी छन् । उनी भन्छिन्, 'फिल्ममा इमोसन, कमेडी, ह्यूमर सबै कुरा छ । मलाई फिल्म हेरिरहँदा सम्पादन अलि टाइट भइदिए हुन्थ्यो जस्तो लागेको थियो । यसप्रकारको जनराको फिल्म हेरिरहेका कारणले पनि थोरै लामो भएको होकि भन्ने लागेको थियो । तर, दर्शकल त इन्जोय गरिरहनु भएको थियो ।' पुरुष पात्रभन्दा वर्षा र आफूले कम स्क्रिन स्पेश पाएकोमा पनि सुरक्षाले असन्तुष्टि जनाएकी छन् । 'फिल्ममा हाम्रो स्क्रिन स्पेश धेरै छैन, जति पुरुष पात्रको छ । तर, सानै रोल भए पनि हामीले न्याय गरेका छौं जस्तो लाग्छ,' उनले भनिन् । निर्देशक दीपेन्द्र के. खनालसँग यसअघि केही फिल्ममा काम गरिसकेकी सुरक्षाले 'के घर के डेरा'लाई निर्देशक खनालले स्क्रिप्टभन्दा स्क्रिनमा अझ बढी मिठास् बनाएको बताएकी छन् । कमेडीमा इमोसन घोल्ने उनको शैलीको सुरक्षा प्रशंसा गर्छिन् ।





## 'तिम्रो मेरो साथ' गीतमा पुष्प र साम्राज्ञीको छमछम

फिल्म 'मारुनी'पछि अभिनेता पुष्प खड्का र अभिनेत्री साम्राज्ञी आरएल शाहबीच दोस्रो सहकार्य भएको फिल्म 'तिम्रो मेरो साथ'को पहिलो गीत सार्वजनिक भएको छ । लक्ष्मी पूजाको अवसर पारेर सोमवार बोधी एचडी यूट्युब च्यानलबाट सार्वजनिक भएको 'रुमाल बाटेर टाई बनाम' बोलको गीतमा पुष्प र साम्राज्ञीले आकर्षक नृत्य गरेका छन् । उनीहरुको केमेस्ट्री सुहाएको देखिन्छ । रामजी लामिछानेको कोरियोग्राफी रहेको गीतको भिडियो आकर्षक सेटअपमा खिचिएको छ भने कलाकारको पहिरनमा विशेष ध्यान दिइएको छ । भिडियो हेर्दा निर्माताले गीतलाई स्तरीय बनाउन खर्चमा कन्जुसाईं गरेको देखिन्न । जगदिश समाल र मेलिना राईको स्वर कर्णप्रिय छ भने वि पाण्डेले लेखेका शब्दहरु मुखमा झुन्डिने खालका छन् । सुभाष भुषालको संगीत पक्ष उत्कृष्ट छ । 'रज्जा रानी' र 'रूद्रप्रिया' फिल्मका निर्माता रमेश एमके पौडेलले पहिलो पटक निर्देशन गरेको यो फिल्म आगामी पुष २९ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्ममा पुष्प र साम्राज्ञीका अलवा सन्दिप क्षेत्री, खड्क बहादुर पुन (खबपु), इमिली लामा, सरोज खनाल, दिपाशा विसीलगायतको अभिनय छ भने विशेष भूमिकामा बेलायतमा बस्दै आएका कलाकार ध्रुव दत्तले अभिनय गरेका छन् । फिल्ममा निर्देशक पौडेल स्वंयमको कथा, गीत र निर्माण छ । आर्यन फिल्मस तथा बोधी एचडी अमेरिकाको ब्यानरमा निर्मित यस फिल्मको निर्मातामा पासाङ लामा र सह-निर्मातामा निरू भण्डारी, अशोक पोखरेल, सुमन पौडेल र सुधिर पराजुली रहेका छन् । कार्यकारी निर्माता सविर श्रेष्ठको पटकथा र संवाद रहेको फिल्ममा शिव ढकालको छायांकन र योगेश काजीको पनि संगीत छ ।




## बक्सअफिसमा 'नालापानी' भर्सेस 'के घर के डेरा'

झिलिमिली पर्व तिहारको छेको पारेर शुक्रवारबाट दुई फिल्म 'नालापानी' र 'के घर के डेरा'ले प्रदर्शन आरम्भ गरेका छन् । फरक विषयवस्तु र शैलीका यी दुई फिल्मले तिहार र छठको एक हप्ता लामो सार्वजनिक विदामा सुखद् व्यापार गर्ने अपेक्षा गरिएको छ । दुई फिल्ममध्ये 'के घर के डेरा'ले मल्टीप्लेक्सहरुमा उच्च शो हात पारेको छ भने 'नालापानी'ले पनि सन्तोषजनक शो पाएको छ । यी दुई नेपाली फिल्मलाई मल्टीप्लेक्समा हलिउडका चर्चित अभिनेता ड्वेन जोन्सन अभिनीत फिल्म 'ब्ल्याक एडम' चुनौती ठूलो बन्न सक्ने देखिन्छ । हलिउड फिल्मका पाखरीमाझ प्रतिक्षीत रहेको यो फिल्मले मल्टीप्लेक्सहरुमा सर्वाधिक शो पाएको छ । यो अवस्थामा दुई घरेलू फिल्मलाई बक्सअफिसमा आफ्नो रफ्तार समात्नका लागि बलियो 'वर्ड अफ माउथ'को आवश्यकता पर्नेछ ।



निर्वाचनको सामग्री ढुवानी गर्दैै : मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका निर्वाचनका लागि विभिन्न जिल्लामा निर्वाचन सामग्री पठाउन गाडीमा लोड गर्दै आयोगका कर्मचारीलगायत कामदार। *तस्विर : रासस*

# जसपाको घोषणापत्र तयार

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालले प्रदेश सरकारलाई प्रभावकारी र अधिकारसम्पन्न बनाउने नीतिसहित आगामी निर्वाचनका लागि पार्टीको चुनावी घोषणापत्र तयार गरेको छ। मङ्सिर ४ गते हुने सङ्घीय तथा प्रदेश निर्वाचनका लागि जसपाले सङ्घीयता, समावेशी समानुपातिक र लोकतान्त्रिक गणतन्त्रलगायतका मूलभूत विषयमा घोषणपत्र तयार गरेको जसपाका प्रवक्ता मनिस सुमनले जानकारी दिनुभयो।

प्रादेशिक सरकारलाई बलियो बनाउने गरी घोषणापत्रमा उल्लेख गरेका छौँ', उहाँले भन्नुभयो, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ तुल्याउने र समानुपातिक समावेशिता र पहिचानको अधिकारलाई सुनिश्चित गर्ने विषयमा हाम्रो मुख्य ध्यान केन्द्रित रहेको छ।' जसपाले सबै मित्रराष्ट्रसँग समान सम्बन्ध रहने अवधारणासहित घोषणापत्रमा समेटेको छ। कृषिको आधुनिकीकरण गरी आत्मनिर्भर उत्पादनलाई प्राथमिकता दिइएको छ। आगामी निर्वाचनका लागि तयार गरिएको पार्टीको चुनावी घोषणापत्र छठ सकिएलगत्तै सार्वजनिक गरिने प्रवक्ता सुमनले बताउनुभयो।

जसपाले समतामूलक समाजको निर्माणसँगै समानता, स्वतन्त्रता, भाइचारा, सामाजिक न्याय तथा भ्रातृत्वको उच्चतम् अभ्यास गर्दै सङ्घीयता, समावेशी एवं सहभागितामूलक लोकतन्त्र, समानुपातिक प्रतिनिधित्व र समतामूलक समाज निर्माण गर्ने लक्ष्य लिएको छ।

देशमा गरिबी बेरोजगारी र अशिक्षाको अन्त्य गरी शिक्षा, स्वास्थ्य, आवास, रोजगार र सुरक्षामा सबैको समान पहुँच र आधिकारको प्रत्याभूति गराउने, सामाजिक न्याय स्थापित गर्दै सबै जाति, भाषा, धर्म, संस्कृति र समुदायका जनताको हित रक्षाका लागि काम गर्ने घोषणापत्रमा उल्लेख छ।

त्यस्तै सामाजिक न्याय र सुशासनको प्रत्याभूतिसहितको जनमुखी प्रशासन कायम गर्ने, आदिवासी जनजाति एवं पिछडिएका वर्ग र समुदायको उत्थान प्रवर्द्धन गर्ने जनाइएको छ। जसपाले सङ्घीयताको प्रभावकारी कार्यान्वयन गर्दै सङ्घले बृहत्तर नीति निर्देशन तथा ठूला अन्तर-प्रादेशिक पूर्वाधारको मात्र जिम्मा लिने र अन्य सबै नीति योजना निर्माण, कार्यान्वयन र स्रोत परिचालनको जिम्मा प्रदेश र प्रदेशमार्फत स्थानीय तहलाई दिने नीति लिएको छ। ठूला भौतिक पूर्वाधार, ऊर्जा, प्राविधिक शिक्षा आदिमा विशेष जोड र उद्योग/पर्यटनलगायतलाई महत्व दिने जनाएको छ।

'सङ्घीय समुन्नत समाजवाद' को सैद्धान्तिक आलोकमा समावेशी विकास र समतामूलक समृद्धिको नीति कार्यक्रममार्फत 'जनताको आवाज, अग्रणी परिवर्तनसहित समृद्ध समाज' लाई सार्थक बनाउन प्रयास गरिने जसपाले उल्लेख गरेको छ।

यस्तै, पहिचानसहितको सङ्घीयता संस्थागत गर्ने, समाजवादी अर्थ-राजनीतिक कार्यदिशा लागू गर्ने, सहभागितामूलक समावेशी लोकतन्त्र स्थापित गर्ने, सुशासन र सदाचारका माध्यमबाट आर्थिक तथा सामाजिक न्यायसहितको समतामूलक समृद्धि र मानवीय खुसी हासिल गर्ने नीति अघि सारिएको छ।रासस

# समाजवादको आधार निर्माणमा माओवादीको घोषणापत्र केन्द्रित

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) ले आगामी पाँच वर्षभित्र समाजवादको आधार तयार गर्ने योजनासहितको घोषणापत्र तयार गरेको छ। उक्त दलले जनताको सङ्घर्षबाट प्राप्त उपलब्धिको रक्षा र संविधानको कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गर्ने योजनासहितको घोषणापत्र तयार गरेको हो।

मुलुकको राजनीतिक, आर्थिक तथा सामाजिक रुपान्तरण, कृषि क्षेत्रको विकास, पूर्वाधार निर्माण, जलवायु परिवर्तन, निजीकरण तथा उदारीकरणलगायत विश्वव्यापी मुद्दा सम्बोधन गर्न आवश्यक नीति, नियम र कार्यक्रम बनाउनेमा घोषणपत्रले जोड दिएको छ।

घोषणापत्रमा राजनीति र आर्थिक आवश्यकता हासिल गर्न लिइनुपर्ने नीतिगत व्यवस्था तथा विश्वव्यापी मुद्दालाई सम्बोधन गर्न चाल्नुपर्ने कदमका बारेमा उल्लेख गरिएको छ। संविधान, गणतन्त्र, सङ्घीयता, समानुपातिक समावेशीतालगायत जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिमाथि आक्रमण भइरहेको अवस्थामा घोषणापत्रले सङ्घीयता कार्यान्वयन र संविधानको अक्षरशः पालनालाई जोड दिएको घोषणपत्र निर्माण कार्यदलका सदस्य गणेश साहले जानकारी दिनुभयो।

"मूलरुपमा अहिलेको संविधानमाथि विभिन्न रुपमा आक्रमण भइरहेको छ, संविधानको कार्यान्वयन गराउने र सङ्घीयतालाई प्रभावकारी बनाउने विषयलाई घोषणापत्रमा प्राथमिकता दिइएको छ", उहाँले भन्नुभयो, "संविधानको रक्षा र संविधानप्रदत्त अधिकारलाई कानुनी र व्यावहारिक रुपमा लागू गराउने प्रतिबद्धता व्यक्त गरिएको छ।" जनतालाई गुणस्तरीय शिक्षा र स्वास्थ्य, मर्यादित रोजगारीको वातावरण बनाउने, प्राविधिक र जीवनमैत्री शिक्षा सुलभरुपमा उपलब्ध गराउने विषय घोषणापत्रमा समावेश छ।

मुलुकमा बढ्दो व्यापार घाटा न्यूनीकरण गर्न कृषि क्षेत्रमा उत्पादन बढाउन घोषणापत्रले जोड दिएको छ। लगानी मैत्री वातावरण निर्माण गर्ने, कृषि क्षेत्रमा प्रविधिको प्रयोगलाई बढवा दिने र जनशक्तिको यथोचित प्रयोग गरेर उत्पादन वृद्धि गर्ने पनि घोषणापत्रमा उल्लेख छ। "उत्पादन वृद्धि गरेर चुलिएको व्यापार घाटा कम गर्ने माओवादीको योजना छ", माओवादी सचिवसमेत रहनुभएका सदस्य साहले भन्नुभयो।

पूर्वाधार निर्माणमा पूँजीगत खर्च गर्न नसक्ने अवस्थालाई सदाका लागि अन्त्य गर्न विशेष नीति लिइने, तोकिएको समयम परियोजना सम्पन्न नहुने र लागत बढ्दै जाने अवस्था अन्त्य गर्न कानुनी र व्यावहारिक पक्षलाई सुधार गरी लैजाने योजना छ। "मूलरुपमा प्रतिनिधिसभाले कानुन निर्माण गर्ने हो, ऐन, कानुन र नीति निर्माणमा विशेष जोड दिइने छ", उहाँले बताउनुभयो।

बदलिँदो विश्वपरिवेशमा निजीकरण तथा सूचना प्रविधिको प्रयोगलाई अङ्गीकार गर्दै विज्ञान प्रविधिमा लगानी वृद्धि र उपयोगमा जोड दिने नीति घोषणापत्रमा राखिएको सदस्य साहले जानकारी दिनुभयो। पार्टीका नेता तथा कार्यकर्तालाई उत्पादनसँग जोड्ने, छिमेकीसँगको सम्बन्धलाई अझ सुदृढ बनाउँदै आपसी विश्वास बढाउने योजना घोषणापत्रमा समावेश छ।

जलवायु परिवर्तनले ल्याएको विश्वव्यापी असर न्यूनीकरणका विषय पनि घोषापत्रमा समावेश गरिएको उहाँले बताउनुभयो। "सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा विपद् न्यूनीकरण र पुनःस्थापना गर्नुपर्ने, जवलायु अनकूलनसम्बन्धी नीति बनाउनुपर्नेमा जोड दिएको छ", सदस्य साहले भन्नुभयो।

यही कात्तिक १४ गते पार्टी मुख्यालयमा आयोजना गरिने कार्यक्रम घोषणापत्र सार्वजनिक गर्ने माओवादीको तयारी छ। उक्त पार्टीले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि घोषणापत्र तयारी गर्न वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठको संयोजकन्तवमा १७ सदस्यीय कार्यदल गठन गरेको थियो।

कार्यदलमा महासचिव देवप्रसाद गुरुङ, उपमहासचिव वर्षमान पुन, जनार्दन शर्मा, गिरिराजमणि पोखरेल र शक्ति बस्नेत, सचिव साह र लीलामणि पोखरेल, नेत्री अमृता थापा, विज्ञका रुपमा मीनबहादुर श्रेष्ठ, हरि रोक्का, जाकिर हुसेन र पर्शुराम रम्तेललगायत सदस्य हुनुहुन्थ्यो।रासस

# कांग्रेसको सङ्कल्प पत्र आज सार्वजनिक गरिने

**टुडे समाचारदाता**

काठमाण्डु। मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि नेपाली कांग्रेस पार्टीको सङ्कल्प पत्र (आज)शनिबार सार्वजनिक गर्ने भएको छ।

सो संकल्प पत्र प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले बिहान १० बजे पार्टीको केन्द्रीय कार्यालय सानेपामा सार्वजनिक गर्ने कार्यक्रम रहेको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।


# साझा उम्मेदवारलाई विजयी गराउन गठबन्धनको आग्रह

काठमाण्डु । सत्तारुढ गठबन्धनले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा गठबन्धनमा आबद्ध साझा उम्मेदवारलाई विजयी गराउन आग्रह गरेको छ। गठबन्धनमा आबद्ध दलका तर्फबाट आज जारी गरिएको संयुक्त विज्ञप्तिमा गठबन्धन दलका उम्मेदवारलाई विजयी गराउन मतदातालाई अपिल गरिएको छ।

प्रधामन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संयुक्तरुपमा जारी गर्नुभएको विज्ञप्तिमा केही स्थानमा देखिएको विवादलाई पनि छलफलका माध्यमबाट निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरिएको छ।

यस्तै गठबन्धनका तर्फबाट सहमतिका उम्मेदवारको सूची पनि सार्वजनिक गरिएको विज्ञप्तिमा उल्लेख छ। केही स्थानमा भने मित्रवत् प्रतिस्पर्धा गर्ने गरी तय गरिएको छ। ती स्थानमा एकआपसमा समान र सौहार्दपूर्ण व्यवहार गर्ने समझदारी भएका विज्ञप्तिमा उल्लेख छ।रासस

# संविधान जारी भएको सात वर्षमा पनि संशोधन भएन नागरिकता ऐन



काठमाण्डु । प्रतिनिधिसभाको मुख्य काम कानुन बनाउने हो। नेपालको संविधान २०७२ अनुसार नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्ने काम सात वर्ष पूरा हुँदा पनि नभएकामा नागरिकता पीडितको असन्तुष्टि चुलिँदो छ।

संविधानसभाबाट २०७२ सालमा जारी भएको नेपालको संविधानमा नागरिकतासम्बन्धी व्यवस्था त्यसअघिका संविधानको भन्दा प्रगतिशील छ। त्यसअनुसार कानून बन्न नसक्दा भने नागरिकले पूर्णरुपमा समानतामा आधारित हुन नसकेको गुनासो गर्दै आएका छन्। पुरुष र महिलाबीच समानताका लागि संविधानमै संशोधन हुनुपर्ने माग पनि उठ्दै आएको छ।

संविधान जारी भएको करिब सात वर्ष पूरा हुँदासमेत विद्यमान नेपाल नागरिकता ऐन, २०६३ मा संविधानअनुरुप आवश्यक संशोधन हुन सकेको छैन। संसद्ले दुईपटक पारित गरेर प्रमाणीकरणका लागि पठाएको विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण नहुँदा धेरै नेपाली नागरिकताविहीन हुनु परेको सरोकावालाको भनाइ छ।

समसामयिक संशोधनका लागि नेपाल नागरिकता ऐन संशोधन विधेयक, २०७५ प्रतिनिधि सभामा पेश भएको थियो। विसं २०७५ असार ७ गते ऐन संशोधन विधेयकको प्रतिवेदन राज्य व्यवस्था तथा सुशासन समितिबाट बहुमतले पारित गरी असार ९ गते प्रतिनिधिसभामा छलफलका लागि पेश गरिएको हो।

समितिले पारित गरेको विधेयकसम्बन्धी प्रतिवेदनले नेपाल नागरिकता ऐनमा रहेका धेरैजसो समस्याको सम्बोधन गर्न सफल भए पनि केही समस्या अझै समाधान नहुने देखिएको 'नागरिकताको अधिकारका लागि नागरिक समाज सञ्जाल' को ठम्याइ छ। यही व्यवस्थाको विधेयकमात्र पारित भएको भएपनि धेरै नागरिकता पीडितको समस्या समाधान हुने अवस्था रहेको अधिवक्ता सविन श्रेष्ठ बताउनुहुन्छ।

समितिको प्रतिवेदनभन्दा फरकरुपमा भए पनि धेरै पीडितका समस्या समाधान हुने गरी आएको नागरिकता विधेयक संसद्को दुवै सदनले पारित गरे पनि राष्ट्रपतिले रोक्दा समस्या समाधान हुन नसकेको पीडितको गुनासो छ। लामो समयदेखि समाधान हुन नसकेको नागरिकता समस्या समाधानका लागि यो विषय आगामी निर्वाचनको घोषणापत्रमा समावेश गर्न पनि नागरिकता पीडितले आग्रह गरेका छन्।

**अझै पाइँदैन आमाको नाममा नागरिकता**

संविधानको धारा १२ मा आमाको नाममा नागरिकता लिन पाउने स्पष्ट व्यवस्था गरेको सात वर्ष पूरा हुँदासमेत गोकर्णेश्वर नगरपालिका-५ मा बस्ने यवेश अधिकारीले नागरिकता पाउन सक्नुभएको छैन। आमाको नामबाट नागरिकता प्राप्तिका लागि उहाँले पटकपटक प्रयास गरिसक्नुभएको छ।

आमाको नामबाट थर, ठेगानासमेत राखेर नागरिकता लिन चाहँदा नपाएको गुनासो उहाँले महिला, कानून र विकास मञ्चमा गराउनुभएको छ। आमाको नाममा नागरिकता नपाउने यवेश एक्लो भने हुनुहुन्न। सर्लाहीकी अञ्जली साह छ महिना हुँदै बाबुले छोडेर हिँडेपछि आमाको नामबाट नागरिकता लिन पटकपटक गरेको प्रयास असफल हुँदै आएको गुनासो गर्नुहुन्छ।

नागरिकता नभएकै कारण साहले विदेश गएर पढ्न पाउनुभएन। नागरिकताकै कारण रुचि नभएको विषय पढ्नु परेको उहाँको दुःखेसो छ। नागरिकता नहुँदा काम गर्न नपाएको साहले सुनाउनुभयो।

आमाको वंशजको नागरिकता भए पनि अञ्जलीले नागरिकताकै लागि भौँतारिएर हिँड्नुपरेको छ। बाग्लुङ स्थायी घर भएका अञ्जलीका बाबुले छ महिनामै आमालाई छोडेर बेपत्ता भएपछि अहिले उहाँ समस्यामा पर्नुभएको हो। साहका बाबुको पनि नेपाली नागरिकता छ।

भरतपुर महानगरपालिका-१ का विकास नेपालीले आमाका नाममा नागरिकता नपाउँदा आमा बितेपछि दलालले आमाको नामको जग्गा हडपेका छन्। "विद्यालय र क्याम्पसमा अध्ययनका क्रममा प्रथम भएँ, दोस्रो हुने साथीले बैंकमा प्रबन्धकको जागिर खाएका छन्, म नागरिकता नभएकैले अलपत्र छु, आमाले जोडेको सम्पत्तिमाथिसमेत अरुले अधिकार जमाउन खोजेका छन्", नागरिकता नहुँदाको पीडा पोख्दै उहाँले भन्नुभयो।

मञ्चका कार्यकारी निर्देशकसमेत रहनुभएका अधिवक्ता श्रेष्ठ सरकारले संविधानसभाबाट बनेको संविधान कार्यान्वयन भयो भनी दाबी गर्ने गरे पनि नागरिकताका विषयमा पूरा हुन नसकेको बताउनुहुन्छ। संविधानको धारा ३८ र धारा १२ मा गरिएको नागरिकतासम्बन्धी नयाँ व्यवस्था नागरिकता ऐनमा संशोधन हुन नसकेकाले कार्यान्वयन नभएको उहाँले सुनाउनुभयो।

गणेशमान सारनाथ नगरपालिका-३ धनुषाका इन्द्रजीत साफीले साहुसँग रु पाँच लाख ऋण लिएर इञ्जिनियरिङ अध्ययन गर्नुभयो। अध्ययन पूरा गरेपछि निजीस्तरबाट सञ्चालित एक जलविद्युत् आयोजनामा काम गर्न सुरु गरेको केही समयमा उहाँसँग नागरिकता माग गरियो। नागरिकता पेश गर्न नसकेपछि साफीले पाउनुभएको रोजगारीबाट हात धुनुपऱ्यो।

अध्ययन गर्न लिएको ऋणको ब्याज बढ्दै गएपछि उहाँको परिवार चिन्तामा डुबेको छ। "साहुको ऋण बढेर रु १५ लाखभन्दा बढी भएको छ, रातदिन पैसा माग्न आउँछन्, नागरिकता नभएकै कारण मैले पाएको निजीस्तरको जागिरसमेत गुमाउनुपऱ्यो, अब मैले कसरी ऋण तिर्ने ?, संसदले पारित गरेर पनि राष्ट्रपतिबाट प्रमाणीकरण नहुँदा हामीलाई थप चिन्तित बनाएको छ", नागरिकताको प्रमाणपत्र नपाउँदाको पीडा सुनाउँदै उहाँले भन्नुभयो।

साफीका चार भाइले १२ कक्षासम्मको अध्ययन गरेका छन्। बहिनीले स्नातक अध्ययन गरेकी छन् तर कसैसँग पनि नागरिकता नभएकाले कसैले पनि सामान्य रोजगारीसमेत पाउन सकेका छैनन्। नागरिकता नपाएकैले परिवारका सबै सदस्य मानसिक तनावमा रहेको साफीको भनाइ छ। साफीका हजुरबा, हजुरआमा, बाबुको जन्मसिद्धको नागरिकता छ। माइला हजुरबाको भने वंशजको नागरिकता छ। आमाको पनि वंशजको नागरिकता छ। तर इन्द्रजीतका दाजुभाइ र बहिनीले नागरिकता पाउन नसक्दा परिवार नै समस्यामा फसेको छ।

धनुषाकै चन्दन मुखर्जीले पनि नागरिकता नभएका कारण यस्तै समस्या भोग्नुपरेको छ। महोत्तरीका अर्जुन साहले पनि नागरिकता नभएकैले पढ्न पनि छोडेको सुनाउनुभयो। नागरिकतामा पटकपटक राजनीति हुँदै आएकामा पीडित दुःखी छन्।

नागरिकता नभएका कारण खोटाङका २२ वर्षीय प्रतीक सुनारको समस्या पनि उस्तै छ। सुनारका बाबुको वंशजको नागरिकता भएपनि हाल हङकङमा रहेकाले सनाखत गर्न आउन नसकेर उहाँले नागरिकता पाउनुभएको छैन। आमा नेपालमै भएपनि सनाखतका लागि जिल्ला प्रशासन कार्यालयले बाबुलाई नै खोजेको छ। बाबुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिका आधारमा अरुले सनाखत गरेर पनि उहाँले नागरिकता पाउन सक्नुभएन। सनाखत गर्न पनि प्रमुख जिल्ला अधिकारीअनुसार फरकफरक व्यवहार हुने गरेको पीडितको गुनासो छ।

झापाका २५ वर्षीय परहत बानुले राम्रो रोजगारी पाउने आशामा एयर होस्टेसको कोर्स गर्नुभयो। उहाँले पनि नागरिकताको अभावमा अहिले बेरोजगार भई भौँतारिन बाध्य हुनुपरेको छ। सानी छोरीलाई विद्यालयमा भर्ना गर्न जन्मदर्ता खोजेको र नागरिकता नहुँदा विवाह एवं जन्मदर्ताको प्रमाणपत्र पाउन नसकेकाले समस्या भोग्न बाध्य हुनुपरेको उहाँले सुनाउनुभयो।

नागरिकता नपाएर पीडित हुने यी त प्रतिनिधि घटना मात्र हुन्। जन्मसिद्ध नागरिकता पाएकाका सन्तति पाँच लाख र एकल आमाका सन्तान छ लाख गरी ११ लाख नागरिक अहिले नागरिकताविहीन रहेको मञ्चका कार्यकारी निर्देशकसमेत रहनुभएका अधिवक्ता श्रेष्ठ बताउनुहुन्छ। यो समस्या समाधानका लागि आगामी निर्वाचनअघि जारी हुने घोषणापत्रका माध्यमबाट सम्बोधन गर्न आग्रह गरिएको पनि उहाँले सुनाउनुभयो।

**नागरिकता दिन पनि अपाङ्गता भएकालाई विभेद**

बारा जीतपुरका २५ वर्षीय राहुलकुमार साहको परिवारका सबैको नागरिकता छ, तर उहाँले पटकपटक आवश्यक कागजातसहित माग गर्दा पनि नागरिकता पाउन सक्नुभएको छैन।

बाबुको जन्मसिद्ध, आमाको अङ्गीकृत र परिवारका अरु सदस्यको वंशजको नागरिकता भएपनि आफूले नपाउँदा राज्यले फरक व्यवहारको गरेको अनुभवले उहाँलाई सताइरहन्छ। कामका क्रममा ३३ हजार भोल्टको करेन्टले उहाँका दुवै हात गुमेका छन्।

सबै कागजात जम्मा पारेर नागरिकता माग गर्दा पनि नपाएपछि साहलाई अपाङ्गता भएकैले राज्य संयन्त्रबाट फरक व्यवहार गरेजस्तो लाग्छ। नागरिकता भएकाले परिवारका सबै सदस्यको मतदाता नामावलीमा नाम समावेश गरिएको छ। राहुलले भने नागरिकता नपाएकैले २५ वर्ष पूरा हुँदा पनि मतदान गर्ने अवसर गुमाउँदै आउनुभएको छ।

**सर्वोच्चको आदेशमा भने दिइन्छ आमाका नाममा नागरिकता**

विसं २०७४ जेठ ३ गते सर्वोच्चले नागरिकता दिनु भनी आदेश दिएपछि योगेश अधिकारीले आमाको नाममा नागरिकता लिएको मञ्चका कार्यकारी निर्देशक श्रेष्ठले सुनाउनुभयो। तर यो फैसलाका आधारमा नजिर भई अन्यका हकमा कार्यान्वयन हुन सकेको छैन। नजिर नबनेकाले सहजरुपमा आमाका नाममा नागरिकता पाउनसमेत कानून नै बन्नुपर्ने भएको छ।

नागरिकता पीडितले संसद्को प्रत्येक अधिवेशनबाट नागरिकता विधेयक पारित गर्न दबाब दिन थालेपछि दुवै सदनबाट पारित गरेर प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालय पठाएकामा पहिलोपटक संसद्मै फिर्ता भयो।

दोस्रोपटक फेरि संसद्ले पारित गरी राष्ट्रपति कार्यालय पठाएकामा संविधानले तोकेको १५ दिनभित्र पनि प्रमाणीकरण नगरेपछि चोतर्फी विरोध भइरहेको छ। यसअघि ५० भन्दा धेरै नागरिक संस्थाका तर्फबाट नागरिकता समस्या छिटो समाधान गर्न संसद्मा प्रतिनिधित्व गर्ने दलका प्रमुख सचेतकलाई ज्ञापनपत्र बुझाइएको थियो। मञ्चमा ५०० नागरिकताविहीनको अभिलेख छ। संसदको राज्य व्यवस्था तथा सुशासन समितिमै नागरिकता ऐन संशोधन विधेयक लामो समय रोकिएको थियो।

**नागरिकता विधेयक रोकेको घटनाप्रति अधिकारकर्मी दुःखी**

संसद्ले पहिलोपटक पारित गरेर राष्ट्रपतिकहाँ पठाएपछि एकपटक फिर्ता गर्ने अधिकार संविधानले दिए पनि दोस्रोपटक पनि प्रमाणीकरण नगरेर संविधानविपरीत काम भएको बताउनुहुन्छ मानव अधिकारवादी कृष्ण पहाडी। यस कदमको न्यायिक निरुपण गरिनुपर्नेमा पनि उहाँले जोड दिनुभयो।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य प्रा कपिल श्रेष्ठ संसद्ले दुईपटक पारित गरेर पठाएको विधेयक प्रमाणीकरण नगरेर संविधानको मर्म एवं भावनाको उल्लङ्घन गरेको आरोप लगाउनुभयो। "यो कदम लोकतन्त्र र संविधानविरुद्ध छ, संवैधानिक विषयलाई पार्टीगतरुपमा हेरिनुहुन्न", श्रेष्ठले भन्नुभयो।रासस

जनकपुर टुडे


## दक्षिण कोरियामा ३५ हजार नौ सय २४ कोरोनाका नयाँ सङ्क्रमित

**सिन्ह्वा**

सोल । दक्षिण कोरियामा २४ घण्टा अघि अर्थात बिहीबार मध्यरातसम्म ३५ हजार नौ २४ कोभिड-१९ नयाँ सङ्क्रमित देखिएका छन् । यसैसँगै सङ्क्रमितको कुल संख्या २ करोड ५४ लाख ६६ हजार नौ सय ९२ पुगेको स्वास्थ्य अधिकारीहरूले शुक्रबार बताएका छन् ।

बिहीबार मध्यरातसम्म ६९ हजार पाँच सय ३९ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् । यस समयाअवधीमाण थप ३१ जनाको मृत्यु भएको पुष्टि गरिएको छ । यसैसँगै दक्षिण कोरियामा कोरोना शुरुभएबाट हालसम्म २९ हजार एकसय व्यक्तिको मृत्यु भएको छ । यहाँ कुल मृत्यु दर ०.११ प्रतिशत थियो ।

# अमेरिकी चेतावनीपछि उत्तर कोरियाद्वारा क्षेप्यास्त्र प्रक्षेपण

**एपी**

सोल । उत्तर कोरियाले दुई साताको अवधिमा छोटो दूरीका दुई वटा क्षेप्यास्त्र समुद्रतर्फ प्रक्षेपण गरेको छ । आणविक हतियारको प्रयोगले प्योङ्याङको शासनको अन्त्य हुने अमेरिकी सेनाको चेतावनीलाई वेवास्ता गर्दै उत्तरकोरियाले शुक्रबार ती ' ब्यालेस्टिक मिसाइल' प्रक्षेपण गरेको हो ।

दक्षिण कोरियाको सेनाले शुक्रबार मध्याह्न उत्तरको पूर्वी तटीय टोङगचोन क्षेत्रबाट दुई वटा क्षेप्यास्त्र प्रक्षेपण गरिएको बताएको छ । दुवै क्षेप्यास्त्र अधिकतम २४ किलोमिटर उचाइमा करिब दुई सय ३० किलोमिटर उडेका जनाएको छ । सोलले विज्ञप्ति निकालेर प्रक्षेपणको कडा शब्दमा निन्दा गरेको छ । उसले प्रक्षेपणलाई 'गम्भीर उत्तेजना' भन्दै त्यसले कोरियाली प्रायद्वीपको क्षेत्रीय शान्तिमा आँच पुऱ्याएको तथा क्षेप्यास्त्र निर्माणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावको उल्लङ्घन भएको बताएको छ ।

'यूएस इन्डो प्यासिफिक कमाण्ड'ले क्षेप्यास्त्र प्रक्षेपणबाट उत्तर कोरियाको अवैध आणविक हतियार र 'ब्यालिस्टिक मिसाइल' कार्यक्रमको अस्थिर प्रभाव प्रस्तुत भएको टिप्पणी गरेको छ भने जापानी रक्षा मन्त्रालयले प्रक्षेपण पत्ता लगाइएको तथा प्रयोग गरिएका क्षेप्यास्त्रका प्रकार र तिनीहरूको उडान क्षमताको विश्लेषण भइरहेको बताएको छ ।

दक्षिण कोरियाली विदेश मन्त्रालयका अनुसार सोलका शीर्ष आणविक दूतले प्रक्षेपण लगत्तै आफ्ना अमेरिकी र जापानी समकक्षसँग बेग्लाबेग्लै फोन वार्ता गरेका तथा उत्तर कोरियालाई हतियार परीक्षण रोक्न र वार्तामा फर्कन आह्वान गरेका थिए । वार्ताका क्रममा उनले त्रिपक्षीय समन्वय सुदृढ गर्न सहमत भएको जनाएका थिए ।

आगामी साता दक्षिण कोरिया र अमेरिकी वायु सेनाले बृहत्स्तरमा संयुक्त तालिम सञ्चालन गर्ने योजना बनाइरहेका बेला उत्तरकोरियाले क्षेप्यास्त्र प्रक्षेपण गरेको हो । उत्तर कोरियाले सोल र वासिङगटनको यस्तो नियमित अभ्यासलाई आफूमाथि आक्रमण गर्ने अभ्यासको रूपमा लिएको छ ।

आगामी सोमबारदेखि शुक्रबारसम्म सञ्चालन हुने 'भिजिलेन्ट स्टर्म' हवाई अभ्यासमा एक सय ४० दक्षिण कोरियाली युद्धक विमानहरू र एक सय अमेरिकी विमान समावेश छन् । एफ ३५ जस्ता अत्याधुनिक लडाकु विमान पनि अभ्यासमा समावेश गरिएका छन् ।

कोरियाली प्रायद्वीपमा दिगो शान्ति कायम गर्न उत्तर कोरियाले क्षेप्यास्त्र परीक्षण रोक्नुपर्ने तथा दक्षिणकोरियासहित उसका सहयोगी राष्ट्रले पनि उत्तेजना फैलिने गतिविधि गर्न नहुनेमा सुरक्षा विश्लेषकहरूले जोड दिएका छन् । उनीहरूले अमेरिकासहितका सहयोगीका कठोर गतिविधिले प्योङ्याङलाई फेरि आणविक हतियार परीक्षणमा बाध्य बनाउन सक्ने चेतावनी दिएका छन् ।

# इंग्ल्यान्ड र अष्ट्रेलियाबीचको खेल पनि रद्ध

**एजेन्सी**

आइसिसी टि२० विश्वकपमा उपाधिका प्रमुख दाबेदार इंग्ल्यान्ड र अष्ट्रेलियाबीचको खेल वर्षाको कारण रद्ध भएको छ । लगातार वर्षाको कारण खेल हुन नसकेपछि दुबै टोलीले अंक बाँडेका छन् ।

खेल नेपाली समय अनुसार दिउँसो १ः ४५ मा मेलबर्न क्रिकेट ग्राउन्डमा सुरु हुनुपर्ने थियो । तर वर्षाको कारण हुन सकेन । जारी विश्वकपमा वर्षाको कारण रद्ध भएको चौथो खेल हो । आजकै पहिलो खेलमा आयरल्यान्ड र अफगानिस्तानले पनि वर्षाको कारण अंक बाँडेका थिए ।

सुपर १२ को समूह बी को खेलमा दक्षिण अफ्रिका र जिम्बावेले पनि वर्षाको कारण अंक बाँड्नु परेको थियो । न्युजिल्यान्ड र अफगानिस्तानबीचको खेल पनि रद्ध भएको थियो ।

इंग्ल्यान्डले पहिलो खेलमा अफगानिस्तानलाई ५ विकेटले हराएको थियो । तर वर्षाको कारण इंग्ल्यान्ड आयरल्यान्डसँग डकवर्थ लेविस पद्धतिको आधारमा ५ रनले स्तब्ध भएको थियो । त्यस्तै अष्ट्रेलिया पहिलो खेलमा न्युजिल्यान्डसँग ८९ रनले पराजित भएको थियो । श्रीलंकालाई ७ विकेटले हराएको थियो । दुबै टोलीले अव दुई दुई खेल खेल्न बाँकी छ । जुन खेल जित्दा ७-७ अंक हुनेछ ।

नेटरनरेटमा निर्भर रहनेछ । इंग्ल्यान्डले अव मंगलबार न्युजिल्यान्ड र शनिबार श्रीलंकासँग खेल्नेछ । यी दुबै खेलमा फराकिलो अन्तरले जित हात पार्नुपर्छ । अष्ट्रेलियाले सोमबार आयरल्यान्ड र शुक्रबार अफगानिस्तानसँग खेल्नेछ । अष्ट्रेलियाको नेटरनेट माइनसमा हुँदा झन फराकिलो जित आवश्यक पर्दछ ।

**अंक तालिका**

सुपर १२ को समूह ए मा न्युजिल्यान्ड २ खेलमा १ मा जितसहित ३ अंकका साथ शीर्ष स्थानमा छ । इंग्ल्यान्ड ३ खेलमा १ मा जित, १ मा हार र १ खेल रद्ध हुँदा ३ अंकका साथ दोस्रो स्थानमा छ । आयरल्यान्ड ३ खेलमा १ मा जित, १ मा हार र १ खेलमा अंक बाँड्दै तेस्रो स्थानमा छ ।

अष्ट्रेलिया ३ खेलमा १ मा जित, १ मा हार र १ खेलमा अंक बाँड्दै चौथो स्थानमा छ । श्रीलंका २ खेलमा १ मा जित र १ मा हार सहित पाँचौं स्थानमा छ । अफगानिस्तान ३ खेलमा १ मा हार र दुई खेलमा अंक बाँड्दै पुछारमा छ ।

सुपर १२ को समूह बी मा भारत २ खेलमा ४ अंकका साथ शीर्ष स्थानमा छ । दक्षिण अफ्रिका २ खेलमा १ मा जित र १ मा अंक बाड्दै ३ अंकका साथ दोस्रो स्थानमा छ । जिम्बावे २ खेलमा १ मा जित र १ मा अंक बाँड्दै ३ अंकका साथ तेस्रो स्थानमा छ । बंगलादेश २ खेलमा १ मा जित र १ मा हारसहित चौथो स्थानमा छ । पाकिस्तान र नेदरल्यान्ड्स अंक विहीन हुँदै पुछारमा छन् ।

**ICC Mens T20 World Cup 2022 - Points Table**

| Super 12 Group 1 | Mat | Won | Lost | Tied | NR | Pts | NRR |
|---|---|---|---|---|---|---|---|
| New Zealand | 2 | 1 | 0 | 0 | 1 | 3 | +4.450 |
| England | 3 | 1 | 1 | 0 | 1 | 3 | +0.239 |
| Ireland | 3 | 1 | 1 | 0 | 1 | 3 | -1.170 |
| Australia | 3 | 1 | 1 | 0 | 1 | 3 | -1.555 |
| Sri Lanka | 2 | 1 | 1 | 0 | 0 | 2 | +0.450 |
| Afghanistan | 3 | 0 | 1 | 0 | 2 | 2 | -0.620 |

# चिनियाँ र रुसी विदेशमन्त्रीबीच फोनवार्ता

**सिन्ह्वा**



बेइजिङ । चिनियाँ विदेशमन्त्री वाङ यी र रुसी विदेशमन्त्री सेर्गेइ लाभरोभबीच फोनवार्ता भएको छ । उहाँहरुका बीचमा बिहीबार फोनमा कुराकानी भएको चिनियाँ समाचार समिति सिन्ह्वाले जनाएको छ ।

हालैमात्र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले चिनियाँ राष्ट्रपति सि चिनफिङलाई बधाई सन्देश पठाउनुभएको थियो । चिनियाँ राष्ट्रपति चिनफिङ चिनियाँ कम्युनिष्ट पार्टीको महासचिव चयन हुनुभएकामा सो बधाई सन्देश पठाउनुभएको थियो ।

चिनियाँ कम्युनिष्ट पार्टीको २० औं नेसनल कंग्रेसबाट चिनियाँ राष्ट्रपति चिनफिङ सो पार्टीको महासचिवमा पुनः चयन हुनुभएको हो । सो वार्ताका क्रममा विदेशमन्त्री लाभरोभले चिनियाँ कम्युनिष्ट पार्टीको महासचिवमा चयन हुनुभएकामा राष्ट्रपति चिनिफिङ तथा सो पार्टीको पोलिटब्युरो सदस्यमा चयन हुनुभएकामा विदेशमन्त्री वाङलाई बधाई दिनुभएको थियो ।

त्यस क्रममा विदेशमन्त्री वाङले चीन र रुसबीचको सम्बन्धलाई थप बलियो र गाढा बनाउनेतर्फ आगामी दिनमा चीन लाग्ने बताउनुभएको थियो । सो फोनवार्ताका क्रममा उहाँहरुका बीचमा दुई देशबीचको आपसी हित र सम्बन्धको साझेदारीका विभिन्न विषयमा पनि कुराकानी भएको बताइएको छ ।

# एलन मस्कको नियन्त्रणमा ट्विटर

**एपी**

सान फ्रान्सिको । अमेरिकी अर्बपति व्यवसायी एलन मस्कले लामो कानुनी लडाइ र महिनौंको अनिश्चिततापछि सामाजिक सञ्जाल ट्विटर आफ्नो नियन्त्रण लिएका छन् ।

उक्त सामाजिक सञ्जाल कम्पनीलाई उनले ४४ अर्ब अमेरिकी डलरमा खरिद गरेका हुन् ।

एलन मस्कले प्रमुख कार्यकारी अधिकृत पराग अग्रवालसहित अन्य दुई जना वरिष्ठ व्यवस्थापकलाई जिम्मेवारीबाट हटाएका छन् । गत अप्रिलमा उनले उक्त कम्पनी खरिदसम्बन्धी सम्झौता गरेका थिए । सम्झौतापछि उनी पुनः पछि हटेका थिए तर यसै महिनाको प्रारम्भमा फेरि कम्पनी किन्ने अभिरूची देखाएका थिए ।

कम्पनी र उनीबीचको कानुनी लडाइँलाई टुङ्ग्याउन डेलावेयरका न्यायाधीशले शुक्रबारसम्ममा सम्झौतालाई अन्तिम रूप दिन आदेश दिएा थिए ।

मस्कले कम्पनीको बोलपत्र तयार गर्नुअघि गत अप्रिलमा पराग अग्रवालसँग उनको झगडा भएको थियो । मस्कले कम्पनीलाई अब कसरी नेतृत्व गर्छन् भन्नेमा सबैको चासो बढेको छ ।

# रुविनाको चार बलमा चार विकेटसँगै नेपाली टोली विजयी



काठमाण्डु ।कप्तान रुविना क्षेत्री बेलबासेले ह्याट्रिकसहित लगातार चार विकेट लिएपछि नेपाली महिला क्रिकेट सम्मिलित क्यान ११ ले मेरिलेबोन क्रिकेट क्लब (एमसिसी) लाई १९ रनले पराजित गरेको छ ।

पोखरा रंगशालामा जितको लागि १ सय रनको विजयी लक्ष्य पछ्याएको एमसिसी १९.५ ओभरमा ८० रनमा अल आउट भयो । एमसिसीको लागि एलिसा हुबर्ड २८ बलमा २ चौकासहित सर्वाधिक २० रनमा अविजित रहिन् ।

अबी व्हाइब्रोले ३४ बलमा २ चौकासहित १९, जेनी किल्जिंगर १४ र अमान्दा पोटटिगरले १४ रन बनाइन् । रुविनाले २० औं ओभरको दोस्रो, तेस्रो, चौथो र पाँचौं बलमा लगातार चार विकेट लिएकी थिइन् । उनले अमान्दा, रवी रावल, सारा क्रे र ईशाबेल गुर्नेलाई बोल्ड गरेकी थिइन् । चारै खेलाडी बोल्ड भएका थिए ।

रुविनाले २.५ ओभरमा १० रन खर्चेर ५ विकेट लिइन् । कविता कुँवरले ४ ओभरमा १ मेडनसहित ९ रन खर्चेर २ विकेट लिइन् । नेरी थापाले ४ ओभरमा ९ रन खर्चेर २ विकेट लिइन् । सीता रानामगरले एक विकेट लिइन् ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ थालेको क्यान-११ ले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ९९ रन बनायो । नेरी थापाले ३१ बलमा २ चौकासहित सर्वाधिक १८ रन बनाइन् । सुमन खतिवडा १७ बलमा २ चौकासहित १६ र कविता कुँवरले ११ बलमा २ चौकासहित १७ रन जोडिन् ।

ओपनर काजल श्रेष्ठ २, सीता रानामगर १०, सम्झना खड्का १७ र रुविना एक रनमा आउट भइन् । एमसिसीको लागि राहेल पोटरले ४ ओभरमा १ मेडनसहित १४ रन खर्चेर ३ विकेट लिइन् । रवी रावल र अमान्डाले दुई दुई विकेट लिए ।

एमसिसी पहिलो खेलमा नेपालको मिक्स्ड ११ सँग १ सय ७ रनले पराजित भएको थियो । दोस्रो खेलमा एमसिसीले आइसिसी यू१९ टोलीलाई १६ रनले हराएको थियो । आइतबार एमसिसीले मिक्स्ड ११ र मंगलबार क्यान ११ सँग खेल्नेछ ।

# अमेरिकामा विद्यालयमा हुने बन्दुक आक्रमणका घटना यसवर्ष झन् धेरै

**सिन्ह्वा**

सिड्नी । संयुक्त राज्य अमेरिकामा विद्यालयमा हुने गरेका हिंसाका घटना सन् २०२२ मा झन् धेरै भएका छन् । अष्ट्रेलियाको एक संस्थाले गरेको अनुसन्धानबाट सो तथ्य पाइएको हो ।

सो अनुसन्धानका अनुसार अमेरिकामा पहिलेका वर्षहरुका तुलनामा यस वर्ष दुई महिना बाँकी छँदै विद्यालयमा बन्दुक आक्रमणका घटना बढी देखिएको हो ।

सन् २०२१ अमेरिकी इतिहासमै सबैभन्दा धेरै यस्ता हिंसाका घट्ना भएको वर्ष भनिएकामा सन् २०२२ का दुई महिना बाँकी छँदै अहिले नै दुई सय ५७ वटा घटना यसवर्ष मात्र भएको पाइएको समाचारमा जनाइएको छ ।

सन् २०२१ मा यहाँका विद्यालय तथा विश्वविद्यालयमा यस्ता घटना दुई सय ५० वटा भएका थिए । ती घटनाका तुलनामा अहिले बढेको अष्ट्रेलियाली मिडिया नेटवर्क संस्था द कन्भरसेसन्सले जानकारी दिएको हो ।

सो संस्थाले तीन जना अमेरिकी अपराध न्यायसम्बन्धी विज्ञसँग पनि अमेरिकामा विद्यालय, विश्वविद्यालयमा यहाँका किशोरकिशोरीहरुले गर्ने गरेका बन्दुक हमलाका विषयमा कुराकानी गरेर एक विश्लेषण पनि अनुसन्धानका क्रममा तयार पारेको जनाएको छ ।

अमेरिकी किशोरकिशोरीहरुले विद्यालयमा हुने गरेका सानातिना विवादहरुमा पनि बन्दुक हमला गरेर आफ्ना साथीहरुको हत्या गर्ने गरेका छन् । अमेरिकामा सन् २०१८ देखि २०२२ सम्ममा भएका यस्ता हिंसाका घटनाबाट कम्तीमा पनि ५२ जनाको ज्यान गएको छ ।

# भियतनाममा दश महिनामा डेंगु ज्वरोका कारण एक सय दुई जनाको मृत्यु

**सिन्ह्वा**



हनोई । भियतनाममा यसवर्षको शुरुदेखि हालसम्म करिब दुई लाख ६० हजार डेंगु ज्वरोबाट सङ्क्रमित भएका छन् । सङ्क्रमणका कारण दश महिनामा एक सय दुई जनाको मृत्यु भएका भियतनामको स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ ।

सङ्क्रमण र मृत्युको सङ्ख्या सन् २०२१ को सोही अवधिको तुलनामा झण्डै पाँच गुणा बढेको पनि मन्त्रालयले जनाएको छ । नोभेम्बर र डिसेम्बरमा धेरै प्रान्त र शहरहरूमा 'ठूलो प्रकोप' हुने सम्भावना रहेको पनि मन्त्रालयले जनाएको छ ।

हो ची मिन्ह सिटी अझै पनि भियतनाममा डेंगु ज्वरोको केन्द्रविन्दुको रुपमा रुहेको छ । यस अवधीमा करिब ७० हजार सङ्क्रमण र २९ जनाको मृत्यु भएको छ । राजधानी हनोईमा बाह्र जनाको मृत्युको हुनको साथ ८ हजार भन्दा बढी घटनाहरू देखिएका छन् ।

डेंगु ज्वरो बाहेक, भियतनामले हालै अन्य रोगहरूको जटिल विकास पनि भएको देखिएको छ । उत्तरी बाक कान प्रान्तमा, आठ सय भन्दा बढी प्राथमिक विद्यालयका विद्यार्थीहरू रहस्यमय फ्लूबाट आएको बताइएको छ । तीमध्ये एक आठ वर्षीय बालकको मृत्यु भएको छ ।

# चिनियाँ राष्ट्रपति सीले साउदी अरबको भ्रमण गर्ने अपेक्षा

**एएफपी**



रियाद । चिनियाँ राष्ट्रपति सी चिनफिङले साउदी अरबको भ्रमण गर्ने अपेक्षा गरिएको यहाँका विदेशमन्त्रीले बताउनुभएको छ । विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको राष्ट्रको नेताले तेस्रो कार्यकाल शुरु भएको केही दिनपछि साउदी अरबको भ्रमण गर्ने अपेक्षा गरिएको हो ।

राजकुमार फैसल बिन फरहानले आफ्ना चिनियाँ समकक्षी वाङ यीसँगको वार्तापछि प्रमुख तेल निर्यातक र बेइजिङबीचको 'ऐतिहासिक र ठोस सम्बन्ध' को प्रशंसा गर्नुभएको छ । 'हाम्रो आजको बैठक महत्वपूर्ण समयमा भएको छ, यो चिनियाँ राष्ट्रपतिको राज्यको अपेक्षित भ्रमणअघि भएको हो' राजकुमार फैसलले अल अरब टिभी च्यानललाई भन्नुभएको छ ।

साउदी अरब, चीन र अरब देशहरु बीचको शिखर वार्ताका लागि पनि 'अन्तिम प्रबन्ध' गरिरहेको, उहाँले थप जानकारी दिनुभएको छ । गत हप्ता आफ्नो एक दशकको सत्ता विस्तार गर्नु भएका सीले सेप्टेम्बरमा कजाकिस्तान र उजबेकिस्तानको भ्रमण गर्नु भएको थियो । उहाँले चीनमा कोरोनाभाइरस महामारीको शुरु भएयता पहिलो पटक सो भ्रमण क्रममा चीन छाड्नु भएको थियो ।

साउदी अरबमा रहेको चिनियाँ दूतावाससँग एएफपीले सीको अपेक्षित भ्रमणको बारेमा जानकारी लिन खोज्दा केही टिप्पणी नगरिएको समाचारमा जनाइएको छ । यसैबीच चीनको विदेश मन्त्रालयले पनि यस विषयमा कुनै जानकारी नभएको जनाएको छ ।

ओपेक कार्टेलले वाशिङ्गटनको अनुरोधलाई बेवास्ता गर्दै तेल उत्पादनमा कटौती गरेपछि साउदी अरब र लामो समयदेखिको सहयोगी संयुक्त राज्य अमेरिका बीचको तनावपूर्ण सम्बन्धको समयमा यो भ्रमण हुन लागेको बताइएको छ ।

## एकतिस जनाको मृत्यु

**सिन्ह्वा**

मनिला । दक्षिणी फिलिपिन्सको मागुइन्डानाओ प्रान्तका धेरै सहरहरूमा बिहीबार रातभरि परेको भीषण वर्षासँगै आएको बाढीमा परी ३१ जनाको मृत्यु भएको तथा कैयौं बेपत्ता भएका छन्।

मुस्लिम मिन्डानाओ (बीएआरएमएम) को बाङ्सामोरो स्वायत्त क्षेत्रका आन्तरिक एवम् स्थानीय सरकार मन्त्री नागुइब सिनारिम्बोका अनुसार दातु ओडिन सिनसुआतमा १६ जना, दातु ब्लाह सिनसुआतमा १० जना र उपीमा पाँच जनाको ज्यान गएको हो । डुबेर र पहिरोमा परी उनीहरूको ज्यान गएको बताउँदै उनले बाढी प्रभावित क्षेत्रमा उद्धारका काम जारी रहेकाले मृत्यु हुनेको सङ्ख्या अझै बढ्न सक्ने जानकारी दिएका छन् ।

# युरोपा लिगमा आर्सनलको पहिलो हार

**एजेन्सी**

युइएफए युरोपा लिगमा इंग्लिस क्लब आर्सनलले पहिलो हार बेहोरेको छ । आर्सनल डच क्लब पिएसभी इन्डोभेनसँग २-० ले पराजित भएको हो ।

घरेलु टोली पिएसभी इन्डोभेनको जितमा जोए भिरमन र लुक डि जोङले गोल गरे । फिलिस्प स्टेडियम इन्डोभेनमा बिहीबार राति भएको खेलमा दुवै गोल दोस्रो हाफमा सम्भव भएको थियो ।

खेलको ५६औं मिनेटमा जोए भिरमनले गोल गर्दै पिएसभीलाई १-० को अग्रता दिलाए । त्यसपछि ६३औं मिनेटमा लुक डि जोङले कोडी गाक्पोको पासमा गोल गर्दै आर्सनललाई २-० को हार चखाए । यसअघिको सबै चार खेलमा आर्सनलले जित निकालेको थियो ।

यस जितसँगै इन्डोभेन समूह 'ए' मा ५ खेलबाट १० अंक जोडेर दोस्रो स्थानमा रहेको छ । पराजित आर्सनल १२ अंक जोडेर शीर्षस्थानमा यथावत रहेको छ ।

यही समूहको अर्को खेलमा एफसी जुरिचले बोडो ग्लिम्टलाई २-१ ले पराजित गरेको छ । यस पहिलो जित निकालेसँगै जुरिचले ५ खेलबाट ३ अंक जोडेको छ । टोली अझैपनि पुछारमा छ । पराजित बोडो ग्लिम्ट ४ अंक जोडेर तेस्रो स्थानमा रहेको छ ।

# 'जग्गा बेच्दै धान किनेर खाने बढे'

टीकापुर । कैलालीको टीकापुरमा आर्थिक विकास र दिगोपनका लागि सरोकारवालासँग छलफल भएको छ । छलफल कार्यक्रममा सहभागीले आर्थिक गतिविधि बढेमा विकास सम्भव हुने भएकाले त्यसतर्फ ध्यानपर्ने बताए ।

छलफलमा भाग लिँदै सामाजिक अभियन्ता भीमराम चपाईँले पहिला धान बेचेर जग्गा किन्थे, अहिले जग्गा बेचेर धान किनेर खाने गर्नाले समस्या भएको बताउनुभयो । उहाँले टीकापुरमा सुरुको गुरुयोजना, त्यसपछिको आवधिक योजना हराएको गुनासो गर्दै यहाँ हरेक ठाउँमा आर्थिक अनियमितता भइरहेकाले नागरिकले जीवनस्तर वृद्धि गर्न नसकेको बताउनुभयो ।

"जनप्रतिनिधि संयमित हुनुपर्छ, हरेक कार्यमा निगरानी बढाउनुपर्छ", उहाँ भन्नुहुन्छ, "विकासका सवालमा गुरुयोजनाअनुसार काम गरेमा गुणस्तरीय हुन्छ । यहाँ नागरिकले पनि हरेक काममा सवाल गर्न आवश्यक छ ।" मानिस अल्छी बन्दै गएकाले भएको जग्गाजमिन मासिँदै जान थालेको, अवसरवादी र सुविधाभोगी बन्न थालेका उहाँको भनाइ छ ।

टीकापुर बहुमुखी क्याम्पसका प्रमुख केशरबहादुर कुँवरले दिगो विकास उत्पादकत्व बढेपछि हुने भएकाले अनी मात्र आर्थिक विकास सम्भव भएको बताउनुभयो । उहाँले कृषि उत्पादन बढाउन जरुरी रहेको उल्लेख गर्दै राज्यले दिने कृषितर्फका सेवामा पनि नक्कली किसान तयार भएकाले समस्या भएको बताउनुभयो । "यहाँ सञ्चालित



रानी जमरा कुलरिया सिँचाइ आयोजनाले कृषितर्फ लगानी गरेको छ । कृषितर्फ दिइने अनुदान खान नक्कली किसान बनेका छन्", उहाँ भन्नुहुन्छ, "वास्तविक किसान मर्कामा परेका छन्, कृषिको लगानी सदुपयोग भएन, सदुपयोग नभए उत्पादन बढ्ने कुरा भएन, अनि कसरी समृद्धि हुन्छ ।"

वीरेन्द्र बहुमुखी क्याम्पसका प्रमुख हर्कबहादुर भण्डारीले विकास एकीकृत पाटोबाट सँगसँगै जानुपर्ने तर यहाँ फरक-फरक तरिकाले पटक-पटक संरचना बन्दा पनि स्थानीय सरकार हेरेर बस्ने गरेको आरोप लगाउनुभयो । उहाँले नगरपालिका बलियो हुनुका साथै विकासका कार्यमा कडाइ गर्न आवश्यक रहेको बताउनुभयो ।

"एउटै सडक पटक-पटक खनिन्छ, कहिले खानेपानी, कहिले टेलिकम, कहिले विद्युत्, कहिले कसैले, यसरी पटक-पटक किन बनाउनु ?", भण्डारी भन्नुहुन्छ, "स्थानीय सरकारले एक खालको मापदण्ड बनाएर सबै संरचना एकैसाथ बनाएको भए विकास दिगो हुन्थ्यो । नागरिकलाई पनि कम सास्ती हुन्थ्यो ।"

उपभोक्ता हित संरक्षण मञ्च टीकापुरका संयोजक एकिन्द्र तिमिल्सिनाले टीकापुरमा भएको विकासजति यहाँकै स्रोतबाट बनेकाले सन्तोषजनक रहेको बताउनुभयो । उहाँले यहाँ तीन थरिका मानिस रहेका उल्लेख गर्दै गर्न चाहनेलाई सहयोग नभएको बताउनुभयो । "यहाँ बनेका क्याम्पस, विद्यालय, अस्पतालजस्ता संरचना यहाँकै जमिन बेचेर बनेका हुन् । अन्य सहयोग र लगानी भित्रिएको छैन, त्यो हिसाबले सन्तोषजनक छ", उहाँ भन्नुहुन्छ, "यहाँ गर्न चाहनेसँग आर्थिक श्रोत छैन, भएकाहरूलाई पुगेकाले गर्ने इच्छाशक्ति छैन, यसले समस्या भइरहेको छ ।"

महिला जागरण बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष शोभा शर्मा ज्ञवालीले आफूहरूले सहकारीमार्फत शुद्ध तोरीको तेल पेल्ने मेसिनसमेत सञ्चालनमा ल्याएको बताउनुभयो । "हामीले आफ्नै लगानीबाट उद्योग स्थापना गरेका छौँ, यसरी काम गरिरहेका हामीलाई सरकारले अनुदान, सहयोगजस्ता कार्यमा सघाउन आवश्यक छ", उहाँले भन्नुभयो, "लगानी गरिए हामी रोजगारीको वातावरण सिर्जना गर्न तयार छौँ ।"रासस

# डलरको तुलनामा युरो मजबुत

काठमाण्डु । लगातार उकालो लाग्दै आएको अमेरिकी डलरको मूल्य स्थिर रहँदा युरोपेली देशको साझा मुद्रा युरो भने केही मजबुत देखिएको छ ।

नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि तय गरेको मूल्यअनुसार एक अमेरिकी डलरको खरिद मूल्य एक सय ३१ रुपैयाँ ६९ पैसा रहेको छ । त्यस्तै बिक्री मूल्य एक सय ३२ रुपैयाँ २९ पैसा रहेको छ ।

युरोको भने खरिद मूल्य एक सय ३२ रुपैयाँ १८ पैसा रहेको छ भने बिक्री मूल्य एक सय ३२ रुपैयाँ ७८ रहेको छ । यस आधारमा अमेरिकी डलरभन्दा झिनोरुपमा युरो अगाडि रहेको छ । बिहीबार पनि अमेरिकी डलरको तुलनामा युरो नै मजबुत देखिएको थियो । पछिल्ला दिनमा लगातार अमेरिकी डलरको मूल्यमा देखिएको वृद्धिले घरेलु अर्थतन्त्रमा दबाव परेको थियो । आयातमा केन्द्रित रहेको अर्थतन्त्रमा डलरको मूल्य बढ्दा नकारात्मक प्रभाव देखिएको छ । विप्रेषणलगायत केही क्षेत्रमा सकारात्मक प्रभाव पर्ने भए पनि अधिकांश माल वस्तु आयात हुने देशमा त्यसले नकारात्मक असर पर्ने अर्थतन्त्रका जानकारको भनाइ छ ।रासस

# निर्माण व्यावसायमा उदाहरणीय बन्नुभएकी सुमन

रामपुर । भवन निर्माणमा पुरुषकै नेतृत्व प्रायःजसो भेटिन्छ । महिला मजदुर वर्गमै सीमित रहन्छन् । संरचना बनाउने जिम्मेवारी पुरुषले नै लिने गर्छन् । तर सुमन खाम्चा मगर भने पूर्वी पाल्पाकै एक्ली महिला निर्माण व्यावसायी हुनुहुन्छ । अहिले उहाँलाई यस क्षेत्रमा भवन निर्माणको काममा भ्याइनभ्याई छ ।

पाल्पाको रामपुर नगरपालिका-४ स्थित बाङ्गेपसलकी सुमन करिब दुई दशकदेखि यस क्षेत्रमा आबद्ध हुनुहुन्छ । एक दशकदेखि भने आफ्नै नेतृत्वमा घर भवन निर्माण गरिरहनुभएको छ । सुरुमा ढुङ्गा, ईँटा, छड, सिमेन्ट बोक्ने, तारजाली भर्ने, गारो लगाउने, प्लाष्टर गर्ने काम गर्नुभएकी उहाँले यतिबेला समाजमा अब्बल र साहसी महिला निर्माण व्यावसायीका नामले आफ्नो पहिचान बनाउनुभएको छ । आफूले पढ्ने रहर भएर पनि परिवारको अर्थावस्थाले पढ्ने वातावरण नबनेपछि श्रीमानूसँगै सुमन यस क्षेत्रमा लाग्नुभएको हो ।

उहाँ भन्नुहुन्छ, "मैले पढ्न नपाए पनि दुःख गरेर छोरीलाई काठमाडौँमा राखेर उचित शिक्षामा लगानी गरिदिएको छु, छोरीले पनि चारवर्षे कम्प्युटर इञ्जीनियरिङ उत्तिर्ण गरिन्, मैले भोगेको दुःख छोरीले भोग्न नपरोस् ।"

पूर्वी पाल्पा मजदुर व्यवसायी समितिको उपाध्यक्षसमेत रहनुभएकी सुमन घरमा बेरोजगार बसेका महिलालाई आर्थिक उपार्जनका निम्ति आफूले सीप सिकाएर काम दिने गर्नुहुन्छ । समय र कामअनुसार मजदुरलाई पारिश्रमिक उपलब्ध गराउँदै आएको उहाँ बताउनुहुन्छ । सुमनको नेतृत्वमा काम गर्ने मजदुरले दैनिक आठ घण्टा काम गरेवापत रु छ सयदेखि रु एक हजारसम्म ज्याला बुझ्छन् । उहाँले दैनिक न्यूनतम १० देखि बढीमा २० कामदार परिचालन गर्दै आउनुभएको छ ।



"हातमा सीप भएपछि पुरुषसरह नै काम गर्न सकिन्छ, अरुको भरमा रहँदा महिला हेपिनुपरेको छ", उहाँले भन्नुभयो, "यस कामबाट समाजमा दाम र नाम मिलेको छ, यसमा म एकदमै सन्तुष्ट छु । तर कतिपय सन्दर्भमा भने मजदुर वर्ग भनेपछि गाउँ समाजमा कामको सम्मान छैन ।"

आफूले सकुञ्जेलसम्म यसै व्यवसायमा रहने सुमनको भनाइ छ । विभिन्न स्थानबाट माग आए पनि कामको चापले रामपुर नगरपालिकाभित्रै व्यस्त हुनुहुन्छ । हाल उहाँ दुईवटा घरको ठेक्का लिएर काम गरिरहनुभएको छ । उहाँले आवासीय घरमात्र नभई विद्यालय तथा मस्जिद, विभिन्न सङ्घसंस्थाको भवन निर्माण गर्दै आउनुभएको छ ।

सम्बन्धित घरधनी तथा सङ्घसंस्थाले दिएको आकारअनुसार नै जस्ताको तस्तै निर्माण गर्ने उहाँको कला छ । त्यसकारण पनि सुमन यस क्षेत्रकै निर्माण व्यवसायीमा साहसी, सफल व्यवसायीका रूपमा कहलिनुभएको छ । यस क्षेत्रमा काम सुरु गरेपछि साढे चार आनाको जग्गा किनेर घर बनाउनुभएको छ भने दुई घडेरीसमेत जोड्न सफल हुनुभएको छ । अहिले श्रीमान् र श्रीमती नै यसै क्षेत्रमा सक्रिय भएर काम गरिरहनुभएको छ । हातमा सीप भएका कारण कोभिड-१९ को समयमा पनि उहाँलाई एक दिन खाली बस्नु परेन ।

यस व्यवसायमा खर्च कटाएर वार्षिक न्यूनतम रु दुई लाख बराबरको कमाइ गर्दै आउनुभएको छ । घर भवन निर्माणमा आवश्यक पर्ने करिब सात लाख बराबरको विभिन्न सामग्री आफैँ बन्दोबस्त गर्नुभएको छ । बर्सेनि रु एक लाख ५० हजारभन्दा बढी सामग्री खरिदमा नै लगानी गर्नुहुन्छ । हालसम्म तीन सय बढी घर भवन निर्माण सम्पन्न गरिसक्नुभएको छ ।

निर्माण व्यवसायसम्बन्धी व्यावसायिक तालिम परिषद्बाट छ महिने तालिम लिनुभएको छ । रामपुर क्षेत्रमा मात्रै करिब ६० भन्दा बढी निर्माण व्यवसायी आबद्ध छन् । पूर्वी पाल्पामै यस क्षेत्रमा उहाँ एक्लो महिला व्यवसायीका रूपमा चिनिनुहुन्छ । महिलाको नेतृत्वमा आफू ज्यालादारीमा काम गर्ने अवसर पाउँदा धेरै सहज भएको बताउनुहुन्छ, २९ वर्षीया सपना परियार । सुमनकै प्रेरणा र साथ पाएपछि घर बनाउने मिस्त्री काम सिक्नुभएकी सपनालाई यतिबेला यस क्षेत्रमा काममा भ्याइनभ्याई नै छ । "महिलाका समस्या बुझ्ने महिलाले नै हो रहेछ, कतिपय समस्या आइपरे पनि झट्ट पुरुषलाई भन्न अप्ठ्यारो लाग्ने, सुरक्षाका हिसाबले महिला निर्माण व्यवसायी भएपछि ढुक्कसँग काम गर्न पाइयो, आफ्नै सन्तानसरह व्यवहार पाएकी छु, त्यसैले एक दिन पनि घरमा आराम गरेर बस्नै मन लाग्दैन", उहाँले भन्नुभयो ।

कक्षा ७ सम्मको औपचारिक शिक्षा लिनुभएकी सपनाका १० र १२ वर्षका दुई छोरा छन् । हाल दैनिक मजदुरीबाट रु छ सय ज्याला बुझ्नुहुन्छ । यसैबाट परिवारको जीविका र दुई छोराको पढाइ खर्च चलेको छ । सात वर्ष अगाडि भारतमा रोजगारी गर्न जानुभएका उहाँका श्रीमान्को मोटरसाइकल दुर्घटनामा परेर मृत्यु भएपश्चात् उहाँ मजदुरीकै भरमा गुजारा चलाउन बाध्य हुनुहुन्छ । उहाँले सिमेन्ट घोल्ने, घरको गारो लगाउने, प्लाष्टर गर्नेजस्ता घर भवन निर्माणका सबैजसो सीप सिक्नुभएको छ ।

निर्माण व्यवसायमा महिला भए पनि पुरुषसरह नै हिम्मत र साहस, व्यवसायमा सफल र सबैका लागि प्रेरणादायी, उदाहरणीय महिलाका रूपमा रहेको कपिलवस्तुको गोरुसिङ्गेका ६० वर्षीय टीकाराम थारू बताउनुहुन्छ । उहाँ पनि सुमनकै नेतृत्वमा अहिले भवन निर्माणमा संलग्न हुनुहुन्छ ।रासस

# बङ्गुरपालक किसानलाई बजारको अभाव

कञ्चनपुर । कञ्चनपुरका बङ्गुरपालक किसानलाई बजारको अभाव भएको छ । बङ्गुरको बजारमा मागभन्दा उत्पादन बढी भएपछि बजार खोज्दै हिँडनुपर्ने अवस्था सिर्जना भएको छ ।

शुक्लाफाँटा नगरपालिका-१० झलारीमा एक दशकदेखि रिभर साइड पिक एण्ड एग्रो फार्म सञ्चालन गरी बङ्गुरपालन गर्दै आउनुभएकी कलावती भट्टले कोरोना सङ्क्रमण घटेसँगै बङ्गुरको बिक्रीमा कमी आएको बताउनुभयो । रु तीन करोड लगानी गरी फार्ममा उहाँले चार सयवटा बङ्गुरपालन गर्नुभएको छ ।

"वर्षमा झण्डै रु ५० लाख बढीका बङ्गुर बिक्री हुन्थे", उहाँले भन्नुभयो, "गएको चैतसम्म रु तीन लाख मूल्यका बङ्गुर बेचेका थियौँ, त्यसपछि बङ्गुर बिक्री हुन पाएका छैनन्, दसैँ, तिहारलगायतका चाडपर्वमा बङ्गुरको माग अधिक हुने गर्दथ्यो, यस वर्ष माग नै आएन ।"

उहाँका अनुसार बङ्गुरका पाठापाठीको माग सुदूरपश्चिमका नौ जिल्लाबाटै आउने गरेको थियो । मासुका लागि बङ्गुर काठमाडौँसम्म



लैजाने गरिन्थ्यो । यस वर्ष बङ्गुरको कुनै ठाउँबाट माग नै नआएपछि फार्ममै बङ्गुर थन्किएका छन् । बङ्गुरलाई चारोमात्रै खुवाउन हप्तामै रु एक लाख जति खर्च भइरहेको उहाँले गुनासो गर्नुभयो । उहाँको फार्ममा ल्याड्रेस, डयुरोक, योकसायर, हेमप्पसायर, पाख्रिवासलगायत उन्नत जातका बङ्गुर छन् ।

बङ्गुरका प्रतिपाठापाठी रु पाँच हजार र मासु थोकमा रु तीन सय प्रतिकिलोका दरले बिक्री हुने गरेको छ । "कोरोनाको सङ्क्रमण बढेसँगै विदेश गएका युवाहरू घर फर्के", बङ्गुरपालक गगनराज भट्टले भन्नुभयो, "बङ्गुरपालनमा लागे, पाठापाठीको त्यसबेला निकै माग थियो, त्यसमै लागे, मासु दानमा कोही लागेनन्, पाल्ने अधिक भएपछि पाठापाठीको उत्पादन अधिक भयो, मागभन्दा उत्पादन बढी भएपछि बिक्री हुन पाएन ।"

तीन वर्षदेखि बङ्गुर फार्म सञ्चालन गर्दै आएका जोनापुरका दीपक चौधरीले पनि बङ्गुर बिक्री गर्न पाउनुभएको छैन । वैदेशिक रोजगारीबाट फर्केपछि उहाँले रु नौ लाख लगानी गरी बङ्गुर फार्म सञ्चालन गर्नुभएको हो । फार्ममा ४५ बङ्गुर छन् । "बङ्गुरका पाठापाठीसहित छ्वटा बङ्गुर बिक्रीका लागि तयारी अवस्थामा छन्", उहाँले भन्नुभयो, "चारो, औषधि र रेखदेखमा निकै खर्च भइरहेको छ, खरिदकर्ता नआउँदा निराश छौँ ।"

"बङ्गुर फार्म सञ्चालन गरी अरुले आम्दानी गरेको देखेपछि नेपाली सेनाबाट सेवानिवृत्त भएपछि बङ्गुरपालन व्यवसायमा हात हाल्यौँ", फूलराम चौधरीले भन्नुभयो, "निकै रकम खर्च गरेर फार्म दर्ता गरी सञ्चालन गरेका छौँ, फार्ममा दर्जन बढी बङ्गुरपालेका छौँ, बङ्गुर बिक्रीका लागि तयार भएको ६ महिना भइसकेको छ, खरिदकर्ता अझै पुगेका छैनन्, बजार चहार्दै हिँडे पनि खरिदकर्ता पाएका छैनौँ, लगानी डुब्ने चिन्ताले सताउन थालेको छ ।"रासस

# मरिक समदाय बाँसको सामग्री बनाउन र बिक्री गर्न व्यस्त

इनरुवा । छठपर्व सुरुआतभएसँगै सुनसरी सदरमुकाम इनरुवासहित जिल्लाका विभिन्न ठाउँमा बसोबास गर्ने मरिक समुदायका मानिस छठमा प्रयोग हुने सामग्री बनाउन र बिक्री गर्नका लागि व्यस्त भएका छन् ।

इनरुवा सहित हरिनगर, देवानगञ्ज, कोसी, बराहक्षेत्र, इटहरी, धरान, बर्जु, गढी, रामधुनी, दुहबीसहित जिल्लाका विभिन्न स्थानमा रहेका ती समुदायले पर्वका समयमा आवश्यक पर्ने बासको सामग्री बनाउन र बिक्रि गर्नका लागि व्यस्त बनेका हुन् । ती समुदायका मानिसरु छठमा प्रयोग हुने कोनिया, ठाकी, नाङ्लोलगायतका बाँसका सामग्री बनाउन र बिक्री गर्न थालेका हुन् ।

बाँसको सामग्रीको माग अत्यधिक हुने गरेकाले आफू बाँसको सामग्री बनाउन र बिक्री गर्नका लागि लागेको ती समुदायका मानिसले बताएका छन् ।

गाउँगाउँबाट अहिले नै एक सय ५० देखि दुई सय ५० सम्म बाँस किनेर ल्याई छठमा प्रयोग हुने सामग्री बनाउन लागेको मरिक समुदायहरुले बताएका छन् । छठ पर्वमा बाँसकै सामग्री आवश्यक पर्ने भएकाले वर्षभरि आम्दानी गर्न नपाएका मरिक समुदायका मानिस यो बेलामा राम्रो आम्दानी गर्ने उद्देश्यका साथ बाँसको सामग्री बनाउन र बिक्री गर्नका लागि व्यस्त भएको स्थानीय बिन्देश्वर मरिकले बताउनुभयो ।

उहाँका अनुसार छठ पर्व गर्नेहरु प्रत्येक वर्ष बढेकाले आफूहरुलाई बाँसको सामग्री सबैलाई पुऱ्याउन नै गाह्रो हुने भएकाले सामग्री बनाउन र बिक्री गर्नका लागि मरिक समुदायका मानिस लागिपरेका हुन् । छठमा बाँसको सामग्री पुऱ्याउनलाई आफूहरु महिना दिनअघि बाट नै काममा व्यस्त बनेको छ ।

सो समुदायका मानिसहरुको रोजगार र पेसा नै बाँसको सामग्री बनाउने भएकाले त्यसैमा सक्रिय भइलागेको र त्यसबाट आएको आम्दानीबाट छोराछोरीलाई शिक्षादीक्षा दिने गरेको छ ।

जिल्लाको विभिन्न ठाउँबाट एक सय ५० देखि दुई सय ५० सम्ममा बाँस खरिद गरी सामग्री बनाई स्थानीयको छठलाई सहज पार्ने प्रयासमा आफूहरु रहेको वीरेन्द्र मरिकले जानकारी दिनुभयो । चाडपर्वमा बासको सामग्रीको माग अत्यधिक हुने भएकाले बालबालिकादेखि वृद्धसम्म सबै व्यस्त हुने गरेका छन् ।रासस

# विदेशमा सङ्गालेको सीपको सदुपयोग गार्मेन्टमा

सहजपुर । 'सुदूरगार्मेन्ट' कैलालीको गोदावरी नगरपालिकामा मात्र नभई आसपासका अन्य पालिकामा पनि चर्चित नाम हो । गोदावरी नगरपालिका-६ लालपुरमा रहेको उक्त गार्मेन्टले सस्तो तथा सुलभ मूल्यमा फेन्सीका सबै सामान प्रदान गर्न थालेपछि सबैको प्रिय बनेको छ । उक्त गार्मेन्टका सञ्चालक हुनुहुन्छ, सोही वडामा बस्ने रमेश महता ।

विसं २०७३ मा छरछिमेकसँग सापटी लिएर कैलालीकै गोदावरी नगरपालिका-६ लालपुरमा उक्त गार्मेन्ट सञ्चालनमा ल्याउनुभएका उहाँले गार्मेन्टसम्बन्धी आफ्नो लामो अनुभव र श्रीमतीले पनि सिलाइसम्बन्धी काम गरेकीले व्यवसाय सञ्चालनमा सहजता आएको बताउनुभयो । "सुरुआती चरणमा गार्मेन्ट अगाडि बढाउन केही समस्या थियो तर मैले लामो समयसम्म गार्मेन्टमा काम गरेको र श्रीमतीले पनि सिलाइकटाइसम्बन्धी सीप सिकेको हुँदा सोचे जति अप्ठ्यारो भएन", महताले भन्नुभयो, "थोरै लगानीबाट सुरु गरेको गार्मेन्टले राम्रो प्रगति गर्दै उद्योगको रुप लिएको छ ।"

छ वर्षअगाडि रु पाँच लाखको लगानीमा स्थापना गरिएको उद्योगको लगानी अहिले बढेर रु तीन करोड भन्दाबढी पुगेको छ । सुरुमा गार्मेन्टमा उत्पादन गरिएका लुगा कपडा गार्मेन्टकै अगाडि खोलेको पसलबाटै बिक्री वितरण गर्दै आउनुभएका उहाँले अहिले छिमेकी बजारका साथै सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा कपडा पठाउँदै आउनुभएको छ । लत्ताकपडा ढुवानीका लागि अहिले उहाँले गाडीसमेत खरिद गरिएको छ ।

गार्मेन्टमा उत्पादन गरिएका कपडा मोटरसाइकलबाट ढुवानी गर्न समस्या भएपछि आफूले गाडी खरिद गरेको महताले बताउनुभयो । विद्यालयका ट्र्याक सुट, जर्सी, ज्याकेट, टिसर्टलगायत अर्डरअनुसारको सबै प्रकारको कपडासमेत गारमेन्टमा उत्पादन हुन्छ । झण्डै १० वर्ष भारत, दुई वर्ष विदेश र एक वर्ष काठमाडौँमा गार्मेन्टकै क्षेत्रमा काम गर्नुभएका उहाँ नोकरीको सिलसिलामा विभिन्न ठाउँमा सँगालेका अनुभवलाई आफ्नै क्षेत्रमा प्रयोग गरेर मालिक बन्न सफल हुनुभएको हो ।

घरपरिवारभन्दा बाहिर बसेर मासिक रु ४० हजार जति कमाउँदै आउनुभएका महताले अहिले सबै खर्च कटाएर वार्षिक रु १०/१२ लाख आम्दानी गर्दै आएको जानकारी दिनुभयो । उहाँले सञ्चालनमा ल्याएको गार्मेन्टमा अहिले स्थानीय १५ जनाले रोजगार ीसमेत पाएका छन् ।रासस

# दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि संशोधन गर्दै राष्ट्र बैंक

काठमाण्डु । नेपाल राष्ट्र बैंकले दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि २०७६ संशोधनको तयारी गरेको छ । कार्यविधिको संशोधन मस्यौदा सार्वजनिक गर्दै राष्ट्र बैंकले त्यसउपर कात्तिक २५ गतेसम्ममा सुझाव दिइसक्न भनेको छ ।

बैंक तथा वित्तीय संस्थाले आफ्नो खातामा रहेको भन्दा बढी रकमको कारोबार गरेमा त्यस्तो कारोबारका लागि नेपाल राष्ट्र बैंकले दैनिक तरलता सुविधा उपलब्ध गराउँछ । यो बैंक तथा वित्तीय संस्थाहरुको कारोबार फछ्यौंट प्रक्रियालाई थप सहज बनाउन वास्तविक समयमा उपलब्ध गराइने सुविधा हो । अर्थात् बैंक-वित्तीय संस्थाको मौज्दात अपुग भई तत्काल भुक्तानी गर्न नसक्ने अवस्थामा राष्ट्र बैंकले त्यस्तो रकम उपलब्ध गराउँछ ।

मस्यौदाअनुसार दैनिक तथा 'ओभरनाइट' तरलता सुविधा लिन चाहने बैंक तथा वित्तीय संस्था अनिवार्य रुपमा आरटिजिएस (रियल टाइम ग्रस सेटलमेन्ट सिस्टम) प्रणालीमा आबद्ध भएको हुनुपर्नेछ । आरटिजिएस प्रणालीमा आबद्ध बैंक तथा वित्तीय संस्थाहरुले न्यूनतम तीन महिना अवधिका लागि दैनिक तरलता अनुपात सुविधा सीमा लिनसक्ने गरी नयाँ व्यवस्था गर्न लागिएको छ । दैनिक तरलता सुविधाबापत धितो राखिएका



सुरक्षणपत्र त्रैमासिक रुपमा परिवर्तन वा थपघट गर्न सकिनेछ र सोही अनुसार यस्तो सुविधाको नयाँ सीमा कायम हुनेछ । धितो सुरक्षणका रुपमा ट्रेजरी बिल्स, विकास ऋणपत्रलगायत सरकारी ऋणपत्र र नेपाल राष्ट्र बैंकद्वारा निर्धारित अन्य सुरक्षण रहनेछन् । यसरी धितो राखिएको सुरक्षणपत्रको अधिकतम ९० प्रतिशतसम्म दैनिक तरलता सुविधा पाइन्छ ।

मस्यौदामा भएको व्यवस्था यथावत् कार्यान्वयनमा आएमा बैंक तथा वित्तीय संस्थाहरुले 'ओभरनाइट' तरलता सुविधा उपयोग गरे बराबरको रकम बैंकको वैधानिक तरलता अनुपात (एसएलआर) र खुद तरल सम्पत्ति अनुपातमा गणना गर्न पाउने छैनन् । त्यस्तै, दैनिक तरलता सुविधाबापत धितो रहेका सुरक्षणहरु खुला बजार कारोबार, अन्तर बैंक सापटीलगायत अन्य कुनै पनि प्रयोजनमा दोहोरो धितोका रुपमा प्रयोग गर्न वा बिक्री गर्न नपाइने व्यवस्था गर्न लागिएको छ ।

कार्यविधिमार्फत दैनिक तरलता सुविधाको सीमा, त्यसको भुक्तानी सम्बन्धी व्यवस्था र ओभरनाइट सुविधामा गरिने ब्याज गणना विधिमा पनि हेरफेर गर्न लागिएको छ । यो सुविधा लिनका लागि बैंक तथा वित्तीय संस्थाहरुले राष्ट्र बैंकलाई आग्रह गर्नुपर्नेछ । "आरटिजिएस प्रणालीमा सहभागी संस्थाले विगत कारोबारको विश्लेषणका आधारमा आफ्नो दैनिक तरलता आवश्यकता अनुमान गरी सोही बमोजिम धितो व्यवस्थापन खाताको सीमा निर्धारणका लागि अनुरोध गर्न सक्नेछन्", कार्यविधिको मस्यौदामा भनिएको छ ।

धितो व्यवस्थापन खाताबाट उपयोग गरी तोकिएको समयसीमाभित्र फिर्ता भुक्तानी नभएका रकम (सुविधा रकम र सो अवधिसम्मको हर्जाना ब्याज रकमसमेत) सम्बन्धित संस्थाले पाँच दिनभित्र फरफारक गर्नुपर्नेछ । नगरेमा बैंकमा धितोका रुपमा राखिएको सुरक्षणपत्र राष्ट्र बैंकले सकार्न सक्नेछ ।

राष्ट्र बैंकले चालु आर्थिक वर्षको पहिलो दुई महिना अवधिमा मात्र बैंक तथा वित्तीय संस्थाका लागि रु १७ खर्ब ८० अर्ब दुई करोड तरलता प्रसोचन गरेको छ । जसमध्ये रिपोमार्फत रु एक खर्ब ११ अर्ब ५७ करोड, सोझै खरिद बोलकबोलमार्फत रु १४ अर्ब ८५ करोड र स्थायी तरलता सुविधामार्फत रु १६ खर्ब ५३ अर्ब ६० करोड तरलता प्रवाह भएको छ ।रासस

# किन हुन्छ परिरियामा दुई समुदायबीच झडप ?

**कमलेश ठाकुर**

जनकपुरधाम । महोत्तरीको भंगहा नगरपालिका -८ परिरियास्थित एउटै जग्गामा दुई व्यक्तिको दाबीका कारण विवाद हुँदै आएको छ । जग्गाधनीले हिन्दू समुदायलाई दानमा दिएको जग्गामा अर्को पक्षले दाबी गरेपछि विवाद हुने गरेको छ ।

परिरिया चोक भन्दा ५० मिटर पश्चिम १२ कठ्ठा जग्गा चन्देश्वर, नन्दन र शिवम ठाकुरको थियो । यी तीनै जना दाजुभाइ छन् । उनीहरुको बुबाको मृत्यु भइसकेको छ । यहाँ दश धुर, डेढ कठ्ठा र दश कठ्ठा गरी जग्गा तीन कित्ता छन् । चन्देश्वरले दश धुर जग्गा दुई दशक अघि हिन्दू समुदायलाई दान दिएका थिए । उक्त जग्गामा हिन्दू समुदायले प्रयाग बाबा स्थापना गरे । तर भौतिक संरचना बनाउन सकेनन् । वडाध्यक्ष रफिक अन्सारीका अनुसार दुई पटक उक्त ठाउँमा पर्खाल निर्माणका लागि बजेट छुट्याइए पनि काम हुन सकेनन् ।

कालखण्डमा जग्गाधनीका दाजुभाइमा विवाद भयो । नन्दन र शिवमले पछि बाँकी रहेको जग्गामा मुस्लिम समुदायलाई बस्न अनुमति दिए । तर, अहिले चन्देश्वरले आफ्नो जग्गा उनीहरुले जवर्जस्ती कब्जा गरेको आरोप लगाउँदै आएका छन् । नन्दन र शिवमको मृत्यु भइसकेको छ । चन्देश्वरले जिल्ला अदालत महोत्तरीमा आफ्नो जग्गा कब्जा गरेको भन्दै मुद्दा दर्ता गराए । अदालतमा मुद्दा जानुभन्दा पहिले त्यहाँ मुस्लिम समुदायले मदरसा र घर निर्माण गरिसकेका थिए । जिल्ला अदालतले बसोबास गरिरहेकै व्यक्तिको हुने ठहर गरिदिए ।

चन्देश्वर जिल्ला अदालतको फैसलामा असन्तुष्टि जनाउँदै उच्च अदालत जनकपुरमा पुनः मुद्दा दिए । उच्च अदालतले घर भएको जग्गा बसोबास गरिरहेको व्यक्तिको र खाली जग्गा चन्देश्वरको हुने फैसला सुनाए । तापनि चन्देश्वर ठाकुरको चित्त बुझेनन् । पछि उनले सर्वोच्च अदालतमा मुद्दा दिए । पछि दुबै पक्षले तारिख लिन छोडे । अहिले यो मुद्दा सर्वोच्च अदालतको तामेलीमा छ । तर विहीबार भएको घटना पश्चात जिल्ला प्रशासन कार्यालयले दुबै पक्षलाई प्रमाण पेश गर्न आदेश दिएको छ । प्रमाणको आधारमा भोग चलन हुने बताइएको छ ।

यी बाहेक अन्य पाँच ठाउँमा पनि विवाद रहेको स्थानीयवासी बताउँछन् । हिन्दू र मुस्लिम समुदायको आर्यघाट पनि एकै ठाउँमा छन् । सुरुमा आठ कठ्ठा जमिन थियो । दुबै समुदायले चार/चार कठ्ठा भाग लगाए । अहिले हिन्दू समुदायको भागमा परेको जग्गामा सार्वजनिक कल र शौचालय निर्माण गरिएको छ । यी कारण पनि यहाँ कति पटक विवाद भइसकेको छ ।

यस्तै, निर्वतमान वडाध्यक्ष रफिक राइनको घर अगाडि खुर्सामी धामीको मन्दिर थियो । दश धुरमा यहाँ ०६४ सालमा सर्वपक्षीय बैठकद्वारा गरिएको मन्दिर निर्माण भएको थियो । तर रफिक ०७४ सालमा वडाध्यक्षमा निर्वाचित भएपछि सडक विस्तार गराए । त्यसपछि त्यो मन्दिरको केही भाग सडकमा परे । पछि रफिकको नातामा काका पर्नेले बाँकी जग्गा कब्जा गरेको आरोप छ । यी घटना जस्तै चमार वस्तीमा पनि समस्या देखिएको छ । त्यहाँ ट्रि फाउण्डेशन नामको संस्थाले सार्वजनिक धारा निर्माण गरिदिए । त्यो जग्गा अहिले छिमेकी मुस्लिमले कब्जा गरेको बताइन्छ ।

ब्रह्म बाबा थान भएको जग्गा पनि मुस्लिम समुदायले अतिक्रमण गरेको आरोप छ । यहाँ पहिले तीन कठ्ठा जमिन थियो । अहिले डेढ कठ्ठामात्रै रहेको छ । यस्तै, सार्वजनिक इनार भएको ठाउँमा पनि सोही विवाद देखिएको छ । यहाँ मुस्लिम समुदायको बस्ती छ । उनीहरुले जहिले पनि फोहोर, दिसा पिसाव गर्ने गरेको स्थानीयवासीको गुनासो छ ।

## परिरिया घटनामा आठ बुँदे निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीमा विहीबार भएको हिन्दू-मुस्लिम झडप प्रकरणमा आठ बुँदे सहमति भएको छ । शुक्रबार जिल्ला प्रशासन कार्यालय महोत्तरीमा सर्वपक्षीय बैठकले शान्ति कायम गर्न आठ बुँदे निर्णय गरेको छ ।



भंगहा नगरपालिका ८ परिरियास्थित हिन्दू वाहिनी सम्राट सेनाले निकालेको कलश यात्राको क्रममा दुई पक्षबीच झडप भएको थियो । सोही विवाद साम्य पार्न त्यहाँ कर्फ्यु लगाइएको थियो । तर कर्फ्यु भएको क्षेत्रमा शान्ति कायम भएपछि शुक्रबार राति दश बजेदेखि कर्फ्यु हटाइएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले जानकारी दिए । दुबै पक्षको असमझदारीका कारण विवाद उत्पन्न भएको सर्वपक्षीय बैठकको निर्णयमा उल्लेख गरिएको छ । उनका अनुसार बैठकबाट घटनामा संलग्न दोषीको खोजी गरी कानूनी दायरामा ल्याउने सहमति भएको छ ।

आम नागरिकलाई शान्ति कायम राख्न आह्वान गर्ने, घटनामा भएको जनधनको क्षतिको विवरण संकलन गरी क्षतिपूर्तिको सिफारिस गर्न टोली गठन गर्ने, घाइतेको उपचार खर्चका लागि आवश्यक व्यवस्था गर्न गृह मन्त्रालय मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णयसमेत गरिएको छ । घटनाको छानबिनको लागि उच्च स्तरीय टोली गठन गर्न नेपाल सरकार गृह मन्त्रालयसंग अनुरोध गर्ने, परिस्थितिलाई काबुमा राख्ने तथा सामाजिक सद्भाव कायम गर्न सद्भाव र्‍याली गर्ने, दलगत रुपमा शान्ति कायम गर्न अपिल गर्ने लगायतका कार्य, जिल्लामा कृयाशील राजनैतिक पार्टी र सामाजिक अगुवा सलग्न सर्वदलीय/सर्वपक्षीय संयन्त्रले गर्ने निर्णयसमेत गरिएको छ ।

## छानबिन समिति गठन

**टुडे समाचारदाता**

काठमाण्डु । महोत्तरीको भंगाहा नगरपालिका- ८ मा दुई समुदायबीच भएको झडपबारे छानबिन गर्न समिति गठन भएको छ । शुक्रबार गृह मन्त्रालयले सहसचिव शिवराम पोखरेलको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ ।

समितिमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक उमेशराज जोशी, सशस्त्र प्रहरी बलका नायव महानिरीक्षक किशोर प्रधान, राष्ट्रिय अनुसन्धान विभागका सहअनुसन्धान निर्देशक विष्णुमणि आचार्य र गृह मन्त्रालयका उपसचिव विश्वराज मरासेनी सदस्य रहेका छन् ।

समितिले एक हप्ताभित्र प्रतिवेदन पेस गर्नेछ । बिहीबार छठ पर्वको अवसरमा आयोजित कलश यात्राका क्रममा हिन्दू र मुस्लिम समुदायबीच झडप भएको थियो । झडप हिंसात्मक बन्न थालेपछि प्रशासनले कर्फ्यू आदेश जारी गरेको थियो ।

# तेलहा-मडहामा छठ मान्ने सपना पूरा होला जस्तो छैन

**ब्लग :**



**श्यामसुन्दर शशि**

एक दशक अघि आफ्नो एक लेखमा मैलै तेलहा मडहा पोखरीमा छठ मान्ने सदिक्षा व्यक्त गरेको थिएँ । त्यतिबेला पनि तेलहा मडहा डवरा नै थियो । दुबै पोखरीको दक्षिणपट्टी जानकी मन्दिरका महन्तजीले बनाएर भाडालगाएका सटरहरु थिए ।पोखरी अतिक्रमण गरी निर्माण गरिएका पश्चिमपट्टीका दुई मिठाई पसल र यी पसलहरुबाट निस्किने फोहर विसर्जन गर्ने डम्पिङ साइट बनेका ती पोखरीहरु यहाँका समाजसेवी,जानकी मन्दिरका महन्त,प्रहरी प्रशासनतर्फ टकटकी आँखा लगाएर बसेका थिए । उद्धारको प्रतीक्षामा थिए । असलमा पोखरी एक जना रामको खोजीमा थिए । अहिल्या जस्तै । जसलाई स्पर्श गरी दिएर भगवान राम सुन्दर नारीको स्वरुप प्रदान गरेका थिए । नभन्दै रामकुमार शर्मा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष भएर आए । उनले सार्वजनिक जग्गामा निर्माण गरिएका अवैध संरचनाहरु भत्काउने अभियान सुरु गरे । कमोवेश यो अभियान सफल पनि भयो । जानकी मन्दिरले निर्माण गरेका सटरहरु भत्काइए । पश्चिमपटिका होटलको संरचनाका केही भाग पनि तोडियो । म मात्र होईन,जनकपुरवासी खुसी भए । अभियानलाई साथ र सहयोग दिए । तेलहा मडहामा छठ मान्ने मेरो सपना चलबलायो । जय छठि मैया .....आब तेलहा-मडहामे सेहो छठि घाट सजतो । उगह हो सुरुजदेव...अर्घ्यके बेर.....गीत बजतो ।

तर यो जनकपुर न हो । यहाँ राम्रो काम र राम्रो गर्ने व्यक्ति चाहिदैन । दबाब भनौ वा परिवन्द वा अन्य कुनै कारणले रामकुमारजीको अभियान बिचमै रोकियो । होटलको भत्काइएको संरचना पुनः निर्माण भयो । भत्काइएका सटरको स्थानमा फूटपाथ बाजार लाग्यो । अचेल तेलहा मडहा पहिलेको भन्दा पनि विभत्स भएको छ । मैले तेलहा मडहा झन विभत्स भयो भनि रहदा प्रश्न उठ्न सक्छ- तेलहा-मडहा पोखरीलाई सौन्दर्यकरण गरिदै छ । मधेश प्रदेश सरकारले लाखौंको बजेट विनियोजन गरेको छ । तपाई जस्ता पत्रकारहरुको चाला नै यही हो , यस्तो नकारात्मक कुरा लेख्ने ? उनीहरुलाई यस्तो आरोप लगाउने छूट छ । म यस्ता आरोपलाई सहजतापूर्वक लिन्छु । तर यस्तो आरोप लगाउनेहरुसंग मेरा केही सवालहरु छन् -' ल भनौंस् पोखरी भनेको पानी हो कि कंक्रिटको घाट ? पोखरी सौन्दर्यकरणको नाममा प्रदेश सरकारले निर्माण गरेको संरचनाभित्र सफा पानी छ ? तपाई यी पोखरीमा छठि पर्व मनाउन सक्नु हुन्छ ? भत्काइएका घरहरुको पुर्निर्माण कसको इसारामा भयो ?' पोखरी सौन्दर्यकरण भनेको पानी निर्मलीकरण गर्नु हो । पोखरीमा रहेका पानी जीवहरुको ईकोसिस्टम जोगाउनु हो । पानीबिनाको पोखरी र जीवबिनाको पानीलाई पोखरी भन्नै सकिदैन ।

भनिन्छ- तेलहा पोखरीको निर्माण राजा जनकले गराएका थिए । राम र सीताको विवाहमा जन्ती आएका बारातीहरुले स्नान गर्नु पूर्व शरीरमा तेल दलोस भनेर उक्त पोखरी खनाइएको थियो । तेल राख्न खनाइएको पवित्र पोखरी अचेल दिसा पिसाव र होटलको फोहर डम्पिङ गर्ने डबरा बनेको छ ।

जनकपुरधामको धार्मिक तथा सांस्कृतिक पहिचानलाई अभिव्यक्त गर्ने क्रममा एक सन्त कविले लेखेका थिए –'वावन कुटी,बहत्तर कुण्डा।



फिरहि सन्तजन झुण्डहि झुण्डा ।' वर्षौ पहिला लेखिएको यो पद अहिले पनि सत्य–तथ्यको नजिक छ । विभिन्न अभिलेखहरुमा उल्लेख भए अनुसार-यहाँ अहिले पनि ४९ धार्मिक महत्वका सार्वजनिक पोखरी छन् । २१ निजी पोखरी छन् । धार्मिक तथा सांस्कृतिक महत्वका आधा दर्जन पोखरी लोप भइ उक्त जग्गामा भव्य निजी भवनहरु निर्माण भइ सकेका छन् ।फेरि पोखरी अतिक्रमण गरी घर बनाउने,जनक सरोवर पुरेर आँपको बगैचा लगाउनेहरु जानकी मन्दिरबाट ठूल ठूला माला पाउँछन् । सामाजिक अभियन्ता कहलाउछन् । मान प्रतिष्ठा पनि पाउछन् ।

२०६२साल श्रावण २६ गते मन्त्रीमण्डलस्तरीय निर्णयद्वारा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष भोजराज घिमिरेको अध्यक्षतामा गठित उच्चस्तरीय कार्यदलले जनकपुर र यसको वरिपरि ४९ धार्मिक महत्वका सार्वजनिक पोखरीहरुको सूची सार्वजनिक गरेको थियो । उक्त कार्यदलले यस क्षेत्रका २१ निजी पोखरी तथा जनकसरोवर,अमृतकुण्ड,गोपाल सर,पयस्वनी सर,वलदेव सरसहित ५ सार्वजनिक सरोवरलाई लोप भइसकेको पोखरीको रुपमा सूचीकरण गरेको थियो । लोप भइसकेका पोखरीहरुको सूची सार्वजनिक भयो तर सरोकारबालाहरु कानमा तेल हालेर बसि रहे । भनिन्छ- जनक सरोवरमा स्नान गर्नेहरु कुष्ठ जस्ता असाध्य रोगबाट मुक्ति पाउँथे तर जनक सरोवर अचेल बगैंचा बनेको छ । जसमा आँप,लिची,केलाको बगान छ ।

भोजराज घिमिरे प्रतिवेदनले नगर पालिका भित्रका पोखरीहरुको सामूहिक व्यवस्थापन गर्नुपर्ने सुझाव दिएको थियो । प्रतिवेदनको सुझाव खण्डमा उल्लेख छ–सामुदायिक सहभागितामा पोखरीहरुको व्यवस्थापन प्रकृया संचालन गर्नु पर्दछ । यसको लागि बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को अग्रसरतामा सहरी विकास तथा भवन निर्माण विभाग,धनुषा जिविस,जनकपुर नगर पालिका,गुठी संस्थान,सम्बन्धित वडाका वडाध्यक्ष,स्थानीय प्रशासन,सामाजिक कार्यकर्ता,संरक्षणवादी एवं पर्यटन बोर्डका प्रतिनिधि सम्मिलित पोखरी संरक्षण समिति गठन गर्नु पर्दछ ।

तर दुर्भाग्य प्रतिवेदन बुझाएको झण्डै दुई दशक बिति सके पनि सरकारले यहाँका पोखरीहरुको संरक्षण सम्बर्द्धन विषयमा कुनै ठोस योजना ल्याउन सकेको छैन । स्थानीय तहको निर्वाचन भर्खरै सकिएको छ । अचेल मुलुकको ध्यान प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनतर्फ छ । राजनीतिक दल र उम्मेदवारहरु आकर्षक घोषणापत्र,प्रतिबद्धतापत्र आदि सार्वजनिक गर्दैछन् तर दुर्भाग्य जनकपुरका एउटै उम्मेदवारले भोजराज घिमिरे प्रतिवेदनले लोप भइसकेको सूचीमा राखेको जनक सरोवर,अमृतकुण्ड, गोपालसर, पयस्वनीसर,वलदेवसरसहितका पाँच पोखरीको उद्धार गर्छु भन्ने प्रतिबद्धता व्यक्त गरेको सुनेको छैन । पढेको छैन । ई पोखरीहरु एउटा रामको प्रतीक्षामा टकटकी आँखा लगाएर बसेका छन् ।

## पर्यावरण बचाउन सडक प्रदर्शन




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा पर्यावरण बचाउन सडक प्रदर्शन गरिएको छ ।

शुक्रबार जनकपुरधाममा कायापलटले एक कार्यक्रमको आयोजना गरी पर्यावरण जोगाउनु पर्ने माग गरेको छ ।

छठ पर्वको पहिलो दिन प्लाष्टिक म्यान क्याम्पेन सम्पन्न गरिएको छ । सडक प्रदर्शनमा अभियन्ताद्वारा पर्यावरणमाथिको विनाश रोक्नुपर्ने सांकेतिक प्रस्तुति गरेका थिए ।

कायापलटको आयोजनामा सेभ द चलड्रेन, सिफ्ट, डब्लु डब्लु एफ नेपालको सहकार्यमा जनकपुरधामको जानकी मन्दिर, जनक चौक, राम चौक हुँदै प्लास्टिक म्यान सहित २० जना पर्यावरण अभियन्ताले प्रदर्शन गरेका थिए । उक्त कार्यक्रममा एक प्लाष्टिक म्यानले प्लाष्टिकका बोतल र झोला बोकेका थिए भने प्लाष्टिकका सांकेतिक रुपमा सडक प्रदर्शन प्रस्तुत गरेका थिए ।

उक्त प्रस्तुतिमा कायापलटका रिषभ कुमार प्लास्टिक म्यान बनेका थिए भने कुमारसंग रहेका अभियन्ताले सडकका व्यापारी तथा आम-मानिसलाई प्लास्टिकबाट हुने प्रतिकूलता बारे चेतना दिएका थिए ।

कार्यक्रममा सहजीकरण गर्दै कायापलट संस्थापक दिवाकर उप्रेतीले पर्यावरणमाथिको हस्तक्षेप रोक्नुपर्ने बताए ।

उनले भने,'आम मानिसले प्लास्टिकको प्रयोग कममात्र गरे पनि सफा र सुन्दर जनकपुरधाम बनाउन सकिन्छ । यसको सुरुवात आफूबाट हुन जरुरी छ ।'

## छठको तयारी पूरा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामलगायत मिथिलाञ्चलमा आस्थाको महापर्व छठ औपचारिकरुपमा शुक्रबारदेखि सुरु भएको छ ।

पर्वको पहिलो दिन शुक्रबार 'नहाय खाय' विधि मनाइँदैछ । श्रद्धा र निष्ठापूर्वक मनाइने छठ पर्वका लागि जनकपुरधामलगायत तराई-मधेशको विभिन्न स्थानमा अन्तिम तयारी पूरा भएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख पोखरीका घाटलाई सिँगारेर पूजाको तयारी पूरा गरिएको छ । पोखरी नै पोखरीको सहरका रूपमा चिनिएको जनकपुरधामका पोखरीमा छठ पूजाका लागि यहाँका स्थानीय युवा क्लबले टेन्ट र पण्डाल लगाएको राम युवा समिति अध्यक्ष परमेश्वर साहले बताए ।

जनकपुरधामको गङ्गासागर पोखरीका अतिरिक्त धनुषसागर, अङ्गराज सर, दशरथ तलाउ, जानकी सरोवर, गोरधोइ, अग्निकुण्डलाई स्थानीय युवा क्लबले सजाएका छन् । जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठले छठका अवसरमा जनकपुरधाममा सरसफाइ अभियान सुरु गरिएको बताए । महासेठले छठ पर्वका अवसरमा जनकपुरमा व्यापारिक चलहपहलसमेत बढेको जानकारी दिए ।

कात्तिक शुक्ल चतुर्थीको दिनदेखि सुरु हुने यो पर्व सप्तमी तिथिका दिन सम्पन्न हुन्छ । यो पर्वमा सूर्यदेवको उपासना गरिन्छ । हिन्दू धर्ममा सूर्य पूजाको परम्परा वैदिककालदेखि नै रहँदै आएको मानिन्छ ।

पहिलो दिन सूर्य देवतालाई अर्घ्य अर्पण गरिन्छ जसलाई मैथिली भाषामा 'सझुँका अर्घ्य' भनिन्छ । साँझका समयमा सूर्य देवतालाई प्रसादका रुपमा दिइने अर्घ्य नै पुनःबिहानको समयमा अर्थात् ' भोरका अर्घ्य' मा दिइने परम्परा छ ।

छठ व्रत गर्ने सबै जना चौथी तिथिका दिन नुहाइधुवाइ गरी चोखो भई 'अर्वाअर्वाइन' खाने गर्दछन् । यही तिथिका दिनदेखि छठ पर्व औपचारिकरुपमा प्रारम्भ हुने गर्दछ । यस दिन व्रत गर्ने महिला र पुरुष नुहाइधुवाइ गरी शुद्ध वस्त्र लगाई शाकाहारी भोजन खाने गर्दछन् । कात्तिक शुक्ल पञ्चमी तिथिका दिनभरि पर्व गर्ने वर्तालु उपवास गर्ने गर्दछन् । उक्त दिन साँझमा माटोले बनाइएको नयाँ चुल्होमा नयाँ माटोको भाँडामा अरबा चामलको खीर बनाउने गरिन्छ ।

सख्खर हालेर बनाइएको खीर देवीदेवतालाई प्रसादका रुपमा चढाइन्छ र उक्त प्रसादस्वरुप खीर वर्तालुका साथै घरका अन्य सदस्यले ग्रहण गर्दछन् । जसलाई मिथिलाञ्चलमा खरना भनिन्छ । कात्तिक शुक्ल षष्ठी तिथिका दिन व्रत गर्ने महिला डुब्दै गरेको सूर्यलाई अर्घ्य दिन्छन् ।

साँझका समयमा घण्टौंसम्म जलमा रही नाड्लो, कनसुप्ती, ढकना, सरबालगायतमा राखिएका प्रसाद लिएर डुब्दै गरेको सूर्यलाई अर्घ्य चढाउने गरिन्छ । उक्त दिन छठ व्रत गर्नेको घरका सबै सदस्य प्रायःरातभर पोखरीको घाटमा जाग्राम बस्ने गर्दछन् । छठको प्रसादमा ठकुआ, भुसवा, केरा, नरिवल, उखु, सुन्तला, कागती, सिँगार, फलफूल, पान, सुपारी, धूप, दीपआदि रहन्छ ।

## जंगली हात्तीको दाह्रा काटियो

**टुडे समाचारदाता**

कलैया । बाराको अम्लेखगंजमा महिलामाथि आक्रमण गर्ने जंगली हात्तीको दाह्रा पर्सा राष्ट्रिय निकुञ्जले काटिएको छ ।

पर्सा राष्ट्रिय निकुञ्जले मध्यवर्ती क्षेत्रभित्र विहीबार घाँस दाउरा गर्न गएकी स्थानीय महिलामाथि आक्रमण गर्ने जंगली हात्तीको दाह्रा काटिएको निकुञ्ज कार्यालयले जनाएको छ ।

निकुञ्जले प्राविधिक टोलीको सहयोगमा डार्ट विधिवाट जंगली हात्तीको दुईवटा दाह्रा निकालेको हो ।

निकुञ्जले विज्ञप्ति जारी गरेर जंगली हात्तीलाई बेहोस गरेर डार्ट विधिबाट दाह्रा निकालेर जंगलमा छोडिएको जनाएको छ ।

सो जंगली हात्तीले बिहीबार जितपुरसिमरा उपमहानगर वडा नं २१ कि ५१ वर्षीय रुकैया खातुनलाई मध्यवर्ती क्षेत्रभित्र बाख्रा चराउने क्रममा आक्रमण गरेर गम्भीर घाइते बनाएको थियो । उपचारको क्रममा उनको मृत्यु भएको थियो ।

**डेंगीबाट बच्ने उपायहरु:**

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टंयाकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## उम्मेदवारहरु घरदैलोमा व्यस्त

**अनिल तिवारी**

वीरगञ्ज । पर्साको निर्वाचन क्षेत्र नम्बर २ मा लोकतान्त्रिक वाम गठबन्धनका उम्मेदवारहरु मतदातासंगको घरदैलोमा व्यस्त देखिएका छन् । दिनहु चुनावी घरदैलो गर्दै आएका कांग्रेसका प्रतिनिधिसभा सदस्यका उम्मेदवार अजय चौरसिया र प्रदेशसभा सदस्य उम्मेदवार श्याम पटेलले विहानैदेखि मतदाताको घरदैलोमा पुगेर आफनो पक्षमा मत माग्ने गरेका छन् ।



शुक्रबार बिहान पर्सागढी नगरपालिका वडा नम्बर ५ को बहुअर्वा , पचरुखी र हर्दिया गाँउमा पुगेका चौरसिया र पटेललाई स्थानीयले अबीरको टिका र माला लगाउदै जितको आशीर्वाद नै दिएका छन् । पर्सागढी ५ मा शुक्रबार चुनावी घरदैलोका क्रममा खासगरी गृहिणी महिलाहरुले स्वस्फूर्त रुपमा घरघरबाट निस्किएर दुबै उम्मेदवारलाई अबीरको टिका र फूलको माला लगाउदै जितको आशीर्वाद दिएको कांग्रेसका क्षेत्रीय सचिव रञ्जित पटेलले बताए ।

गृहिणी महिला , वृद्धवृद्धा र युवाहरुले दर्शाएको आत्मीयता र समर्थनले आफूहरु निकै उत्साहित बनेको प्रतिनिधीसभा सदस्य उम्मेदवार चौरसियाले सन्चारकर्मीलाई प्रतिक्रिया दिए । मतदाताको माझबाटै उनले भने ,' आज जनताले गरिरहेको यो समर्थन विगतमा मैले यस क्षेत्रमा कामको मूल्यांकन नै हो , अबका दिन अझ जनतामा समर्पित भएर काम गर्ने अठोट लिएको छु , जनताको भरोसा कदापि टुट्न दिन्न ।

यस्तै, प्रदेशसभा सदस्य उम्मेदवार पटेलले पनि जनताबाट पाइरहेको स्वागत र समर्थनले जिम्मेवारी झन बढेको महसुस गरिरहेको प्रतिक्रिया दिए । उनले भने ,' जनता अब धेरै सचेत भइसकेका छन् , जनताको अबको रोजाइ भाषण गर्ने होइन काम गर्ने नेता नै हुन्छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८